**काम गर्न विदेश जाने सोच बनाउँदै हुनुहुन्छ ?**

हुनुहुन्छ भने:

- श्रम तथा वैदेशिक रोजगारका विषयमा आवश्यक जानकारीका लागि स्थानीय तहमा क्रियाशील रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहोस् ।
- राहदानी बनाउँदाका बखत नै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी स्रोत केन्द्रमा सम्पर्क राख्नुहोस् ।
- श्रम कल सेन्टरको निशुल्क नम्बर ११४१ मा फोन गर्नुहोस् ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

epprateekdaily.com





निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epprateekdaily.com



❖ वर्ष ३७ ❖ २०८१ वैशाख १० गते सोमवार // मृत भस्म नबन्दैमा भ्भिल्को भैकन बल्नुछ // 2024 April 22 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २३०


## महानगरमा पानीको हाहाकार मच्चिंदै

प्रस, वीरगंज, ९ वैशाख/

वीरगंज महानगरपालिकाका विभिन्न वडाहरूमा खानेपानीको समस्या शुरू भएको छ। चापाकलहरू सुकिरहेका छन्। चापाकलमा आश्रित परिवारहरू अहिले पानीको अभाव झेल्न बाध्य छन् ।

गत वर्षदेखि महानगरमा चापाकल सुकेर पानीको समस्या सिर्जना भएको थियो । त्यसअघि महानगरमा चापाकल सुक्ने समस्या रहे पनि त्यसले विकराल अवस्था लिएको थिएन। केही सार्वजनिक स्थानका चापाकलहरू मात्र सुक्ने गरेका थिए। तर गत वर्षदेखि घरायसी प्रयोगको लागि जडान भएका चापाकलहरू पनि एकपछि अर्को गरी सुकेका थिए र पानीको हाहाकार भएको थियो ।

गत वर्षको अवस्था आउन नदिनको लागि पूर्वतयारी पनि भएको छ तर बजेट अभावमा खानेपानीको समस्या बढ्दै छ। अहिले विभिन्न वडाहरूमा भूमिगत पानीको सतह घटेर चापाकलहरू सुकिरहेका छन् र मानिसहरूलाई पिउने पानीको समस्या भएको छ ।

धेरैजसो मानिसले गत वर्ष नै खानेपानी संस्थानको पाइपलाइन जडान गरेका थिए। अहिले पनि यो काम तीव्र गतिमा भइरहेको छ । खानेपानीका १० हजार ग्राहक रहेकामा गत वर्षदेखि सो सङ्ख्या ह्वात्तै बढेको छ। महानगरका विभिन्न वडामा खानेपानी संस्थानको पाइपलाइन बिछ्याउने काम अहिले भइरहेको छ। गत वर्ष पनि महानगरले पानीको आपूर्ति सहज बनाउन खानेपानी संस्थानको पाइपलाइन जडान कार्यलाई प्राथमिकता दिएको थियो। नयाँ कालोपत्र, कङ्क्रिट सडकहरू पनि काट्न लगाएर खानेपानीको पाइपलाइन बिछ्याउने र घरघरमा सो सेवा उपलब्ध गराउने काम भएको थियो ।

अहिले चापाकल सुकेपछि मानिसहरूले खानेपानी संस्थानको पाइपलाइन जडान गर्दैछन्। ग्राहक बढेसँगै खानेपानी संस्थानबाट पनि सेवा प्रभावकारी हुन सकेको छैन । अहिले खानेपानी संस्थानले महानगरमा बिहान, दिउँसो र बेलुका गरी तीन चरणमा ११ घण्टा पानीको आपूर्ति गर्दै आएको छ तर ग्राहक बढेकाले खानेपानीको पाइपबाट पनि पहिलेजस्तो तीव्र गतिमा पानी नआउने गरेको उपभोक्ताहरू बताउँछन्। अहिले महानगरका विभिन्न वडाहरूमा एकाबिहानैदेखि अबेर रातिसम्म पानीको व्यवस्थामा मानिसहरू लागेका छन् । चापाकलबाट मध्यरातदेखि बिहान ६-७ बजेसम्म मात्र पानी आइरहेको छ। मध्यरातदेखि एकाबिहानसम्म मोटरको प्रयोग गरेर चापाकलबाट पानी तान्ने काममा मानिसहरू लागेका छन् ।

गर्मीयाममा पानीको खपत ह्वात्तै बढ्ने गर्छ । नुहाउने क्रम पनि गर्मीमा बढी हुन्छ र पिउनको लागि मानिसहरूले यो मौसममा पानीको बढी प्रयोग गर्छन्। वीरगंजमा खानेपानी समस्या समाधानको लागि गत वर्ष एक अर्बको योजना पठाइएकोमा केवल १४ करोड मात्र विनियोजन भएर आएको खानेपानी संस्थानले जनाएको छ । १४ वटा पालिकामा यो बजेटले खासै उपलब्धि नहुने संस्थानको भनाइ छ। गत वर्ष १३२ किलोमिटर खानेपानीको भूमिगत पाइपलाइन बिछ्याउने योजना रहेकोमा २० किलोमिटर मात्र बिछ्याइएको छ। बजेट अभावमा पाइपलाइन बिछ्याउने कार्यले तीव्रता लिएको छैन। खानेपानी संस्थानको पाइपलाइन जडान नभएको ठाउँमा पिउने पानीको समस्या विकराल बन्दै गएको छ।

महानगरले गत वर्ष विभिन्न वडाहरूमा पिउने पानीको लागि टयाङ्करको व्यवस्था गरेको थियो। सँगै केही वडाहरूमा पाँचदेखि १० हजार लिटरको टयाङ्की जडान गर्नुका साथै डीप बोरिङ पनि जडान गरेको थियो। डीप बोरिङको प्रयोग अहिले पनि केही वडामा गरिंदैछ। एउटा डीप बोरिङ जडानमा महानगरमा चार लाख रुपैयाँ खर्च भइरहेको छ। एउटा डीप बोरिङबाट २०-२२ वटा घरपरिवारको पानीको समस्या समाधान हुने गरेको छ। तर डीप बोरिङ प्रयोगकर्ताहरूले मोटर जडान गर्दा यसमा पनि केही व्यक्तिहरूले मात्र सेवा पाउने गरेको र अन्यलाई मार परिरहेको देखिन्छ।




तस्वीरः फाइल

## पुस्तकपसल सञ्चालन

प्रस, वीरगंज, ९ वैशाख/

वीरगंज महानगरमा रहेका पुस्तकपसलहरू आइतवारदेखि सञ्चालनमा आएका छन्। आन्तरिक विवादका कारण ठूला पुस्तकपसल र साना पुस्तकपसलबीच कलह बढेर गत बिहीवारदेखि पुस्तकपसलहरू बन्द भएका थिए।

पुस्तक व्यवसायी सङ्घले सबै पसललाई विद्यालयका पुस्तक सूची सार्वजनिक गर्न अनुरोध गरेको थियो। तर पुस्तकपसलहरूले भने सूची सार्वजनिक गर्न मानेनन्। खासगरी ठूला पुस्तकपसलहरू सूची सार्वजनिक गर्ने विषयको विरोधमा रहे। वीरगंजमा ठूला पुस्तकपसलहरू गणेश, पूजा, लक्ष्मीलगायत छन् । उनीहरूको ठूला विद्यालयहरूसँग सहकार्य रहँदै आएको छ । वीरगंज महानगरले सरकारको नीतिअनुरूप निजी विद्यालयहरूलाई विद्यालयमा शैक्षिक सामग्रीका साथै पुस्तकलगायत कुनै पनि सामग्री बिक्री गर्न नपाउने गरी रोक लगाएको छ।

अहिले २०८१ को नयाँ शैक्षिकसत्र सञ्चालन भएको छ र यो क्रममा सबैभन्दा बढी आम्दानी हुने भनेकै पुस्तक बिक्रीबाट हो। पुस्तकमा १० देखि ५० प्रतिशतसम्म कमिशनको खेल हुन्छ । प्रकाशन र पसलेले समेत विद्यालयहरूलाई पुस्तक बिक्रीको लागि कमिशन तय गरेका हुन्छन् र सोहीअनुरूप उनीहरूले पुस्तकहरू बिक्री गर्छन् । वीरगंजमा साना/ठूला गरी ८० वटाभन्दा बढी पुस्तकपसलहरू छन्।

सबै पुस्तकपसलमा सबैथरीका पुस्तक उपलब्ध छैनन् । केही ठूला पुस्तकपसलहरूले भने सबैथरीका पुस्तक राखेका छन् र यसैको उनीहरूले फाइदा उठाउँदै आएका छन्। वीरगंज महानगर शिक्षा शाखाका अधिकृत हरि राउतले महानगर अन्तर्गत १३७ वटा संस्थागत विद्यालय सूचीकृत रहेको बताए । उनले महानगरले सबै विद्यालयलाई सार्वजनिक सूचना जारी गरेर पुस्तक, पोशाकलगायत वस्तुहरू विद्यालयमा बिक्री नगर्न र अभिभावकले चाहेको पसलबाट खरीद गर्ने वातावरण सिर्जना गर्न अनुरोध गरेको छ। अनुरोधको बर्खिलाप गर्नेलाई कारबाई हुने सो कार्यालयले चेतावनी दिएको छ । तर पनि अहिले अभिभावकहरूलाई पुस्तकको सूची दिंदा फलाना पसलबाट खरीद गर्नु भन्ने निर्देशन

(बाँकी अन्तिम पातामा)

## दसौताको करोडौं मूल्यको जग्गाको स्वामित्वमा विवाद



तस्वीरः प्रतीक

राधेश्याम पटेल, परवानीपुर, ९ वैशाख/

पर्साको जगरनाथपुर गाउँपालिका-२ दसौताटोलमा रहेको सवा २५ कट्ठा जग्गाको स्वामित्वको विषयमा दुई पक्षबीच विवाद सिर्जना भएको छ।

भारत, बिहार, पश्चिमी चम्पारण ग्राम पञ्चायत राजइनर्वा बस्ने दिलसेद मियाँ धोबीका नाति झगरू मियाँ धोबी र जगरनाथपुर गापा-२ दसौता बस्ने नवाब राउत गद्दीका छोरा होदाराउत गद्दीबीच विवाद सिर्जना भएको हो।

गत फागुन २९ गते स्व नवाब राउत गद्दीका जेठा छोरा होदाराउत गद्दी र कान्छा छोरा हफिजराउत गद्दीको नाममा साबिक जानकीटोला गाविसको कित्ता नं ८१ को सात कट्ठा, सोही वडाको कित्ता नं १०२ को साढे पाँच कट्ठा र वडा नं ६ को कित्ता नं ४७ को १२ कट्ठा १५ धुर गरी कुल सवा २५ कट्ठा जग्गाको नयाँ पुर्जा मालपोत कार्यालय, पर्साले बनाएको थियो।

दुवै दाजुभाइले दुईवटा पुर्जा बनाइ कुल जग्गामध्ये एक कट्ठा जग्गा बिक्री गरेपछि भारतीय नागरिक झगरु मियाँ धोबीले आफ्नो जग्गा गद्दी परिवारले हत्याएको आरोप लगाएका छन्। उनले आफ्नो हजुरबुबाले जग्गा बिक्री नगरेको र आफूहरूले नै भोगचलन गर्दै आए तापनि मालपोत कार्यालय, पर्साका कर्मचारीहरूको मिलेमतोमा सो जग्गा किर्ते गरी पुर्जा बनाएको हुन सक्ने आशङ्का व्यक्त गरेका छन्।

यस विषयमा मालपोत कार्यालय, पर्साका प्रवक्ता एवं नायब सुब्बा राजेश्वर साह तेलीले २०२९ सालमा साबिक जग्गाधनी भारतीय नागरिक इनर्वा बजारका स्व दिलसेद मियाँ धोबीले स्व नवाबराउत गद्दीलाई बिक्री गरिसकेको लेखत र वडा कार्यालयको सर्जमीन मुचुल्काको आधारमा निज गद्दीको शेषपछिका छोराको नाममा पुर्जा बनाइएको बताए।

तर धोबी परिवारले उक्त बेलाको लेखतमा दिने व्यक्ति दिलसेद मियाँको हस्ताक्षर नभएकोले उक्त कागज फर्जी भएको आरोप लगाएका छन् । साथै आफूहरूले २०२१ सालदेखि हालसम्मको मालपोत तिर्दै आएको तर हाल पुर्जा बनाएका परिवारसँग तिरो तिरेको रसीद नभएकोले उनीहरूको स्वामित्व षडयन्त्रपूर्वक स्थापित गर्न खोजिएको आरोप लगाए।

यस विषयमा अहिलेको जग्गा दाबी गर्ने गद्दी परिवारले जग्गा विगतमा बुबाले किने तापनि मालपोत तिर्न छुटेको तर २०७८ सालमा बुबाको निधनपछि उनको मृत्यु प्रमाणपत्र बनाएपछि जग्गाको अंश लगाउँदा सो जग्गा पत्ता लागेको र नयाँ पुर्जा बनाएको जवाफ दिएका छन्।

इनर्वा बजारका दिलसेद मियाँको परिवारले २०५३ सालमा जग्गा बिक्री भए तापनि लालपुर्जाको प्रतिलिपि लिएको बताएको छ । सो परिवारले दिलसेद मियाँको मृत्यु २०२७ सालमैं भएको र जग्गा २०२९ सालमा पास भएकोले सो कागज फर्जी भएको दावी गरेको छ।

## ड्राइपोर्टको कोइलाले बढाउँदै छ समस्या

प्रस, परवानीपुर, ९ वैशाख/

वीरगंजस्थित श्रीसिया सुक्खा बन्दरगाह भन्सार अन्तर्गतको कोइला यार्डले गर्दा सो क्षेत्रका सर्वसाधारण प्रभावित भएका छन्।

केही दिनदेखि गर्मी बढेसँगै हावाहुरी चल्न थालेको छ । दिनभरि पश्चिमी वायुको बहावले गर्दा कोइला यार्डको धूलो भन्सार कार्यालय र छेउछाउका बस्तीमा उडिरहेको छ। जसले गर्दा छेउछाउका बासिन्दा, भन्सार एवं बन्दरगाह भन्सार कार्यालय सञ्चालन गर्ने प्रिन्टिन भ्याली, क्लियरिङ एजेन्ट, आयातकर्तालगायत मर्कामा परिरहेका छन्।

अहिले मास्क र चश्मा नलगाएर काम नै गर्न नसकिने अवस्था सिर्जना भएको उनीहरू बताउँछन् । त्यसैगरी, यार्डबाट टिपरमा लोड गरेर कोइला आयातकर्ताको गोदामसम्म लैजाने गाडीहरूबाट पनि कोइलाको धूलो उडेर ड्राइपोर्टको मूलगेटदेखि लक्ष्मी आयल, ड्राइपोर्ट-परवानीपुर सडकखण्ड पनि कोइलामय बनेको छ।



तस्वीरः फाइल

रक्सौल रेलवे यार्डमा यसअघि ह्यान्डलिङ हुँदै आएको कोइला त्यहाँका स्थानीयवासीको स्वास्थ्यमा प्रतिकूल असर परेपछि रक्सौल रेलवे यार्डमा ह्यान्डलिङ रोक्न भारतको सर्वोच्च अदालतले भारतीय रेलवेलाई निर्देशन दिएको थियो । त्यसपछि दुई वर्षदेखि बन्दरगाह भन्सार कार्यालयमैं डस्टी कार्गोको लागि छुट्टै रेलवे ट्र्याक र यार्ड बनाएर वीरगंज नाकाबाट कोइला

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

जिन्दगीमा रोकटोक गर्ने कोही छ भने त्यसको गुण मान्नुहोस् । किनभने जुन बगैंचाको माली हुँदैन, त्यो बगैंचा चाँडै उजाड हुन्छ ।

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : राजाप्रसाद कुर्मी (आरके)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# धर्म र कानूनको बर्खिलाप काम

दलितलाई महायज्ञको वेदीमा बस्न नपाउने विषयलाई लिएर यस वर्ष पनि पर्साको छिपहरमाई गाउँपालिकामा विवाद भयो । छिपहरमाई गापाको मिर्जापुरमा वैशाख ८ गतेदेखि शुरू लक्ष्मीनारायण महायज्ञको वेदी पूजामा दलितलाई बस्न निषेध गरिएपछि त्यहाँका दलितहरूले महायज्ञका लागि निकालिएको कलशयात्रा बहिष्कार गरे । आफ्नो समुदायलाई पूजाको वेदीमा सहभागी नगराइएपछि बहिष्कार गर्नु दलितहरूको अधिकार हो । बहिष्कार गरे पनि उनीहरूले महायज्ञ बिथोल्ने कुनै काम गरेनन् र यो उनीहरूको असलपनको उदाहरण हो । नेपालको संविधानले छुवाछूत स्वीकार गरेको छैन र यसको बर्खिलाप गर्नेलाई कानूनी कारबाहीको व्यवस्था गरेको छ । पर्साका दलितहरूले भने संविधानमा भएका अधिकारका लागि स्थानीय प्रशासनमा पनि गुहार नगरेका होइनन् । तर कानून पालना गर्ने, गराउने काममा हाम्रो समाजमा अहिले पनि भेदभाव हुने गरेको छ र यहाँका दलितहरू यसै कारण न्याय पाउनबाट वञ्चित हुँदै आएका छन् । महायज्ञ एकै दिनमा हुने विषय होइन ।

लाखौं रुपैयाँ खर्च गरिन्छ र त्यसको तयारी पनि महीना दिनभन्दा बढी समय पहिलेदेखि गरिन्छ । महायज्ञ सम्पन्न गर्न सबै समुदायको सहयोग लिइन्छ । दलितहरू पनि महायज्ञका लागि चन्दालगायतका अन्य तयारीमा जुटेकै हुन्छन् । महायज्ञका सबै कार्यमा उनीहरूको सहभागिता अछूत हुँदैन तर जहाँ वेदी पूजाको कुरा आउँछ, त्यसमा उनीहरूको सहभागिता अछूत बनाइन्छ । अहिलेसम्म यही विषयमा विवाद देखिएको छ । वेद, पद्धति र शास्त्रले कर्मको आधारमा ब्राह्मण, क्षत्री, वैश्य र शूद्र गरी चार वर्ण मात्र छुट्याएका छन्, जात र जाति छुट्याएका छैनन् । “जन्मना जायते शुद्र, कर्माण्य दिज्य उच्चते” अर्थात् जन्मको प्रकार सबैको एउटै हो र कर्मले ब्राह्मण, क्षत्री, वैश्य र शूद्र हुने हो । तर हामीकहाँ न त धर्म, न त कानून दुवै मान्य छैनन् । तराई, पहाड र हिमाल गरी देशका सबै ठाउँमा दलितहरू जातिको हिसाबले हेपिंदै आएका छन् । महायज्ञको वेदी पूजामा बिजोड अङ्कमा यजमान (मूलकर्ता) को सहभागिता गराइन्छ । पति र पत्नी वेदी पूजामा बस्छन् । पूजा अवधिभर बिहान र साँझ वेदी पूजा गरिन्छ । यसमा दलित र गैरदलितको कुरा आउनु नपर्ने हो । यज्ञकर्ताहरूले पनि आयोजकहरूलाई यसबारेमा सचेत पार्ने काम गरेको देखिन्न । यज्ञकर्ता विद्वान् पण्डितहरूले यसतर्फ सचेत गराएको भए दलितहरूविरुद्धको काम हुँदैन थियो ।

तराई–मधेसमा मानिस मर्दा डोमबाट आगो लिने प्रचलन छ । मरेका मानिसको अन्तिम संस्कार दलित (डोम)को आगोबाट पवित्र हुने र मरेका व्यक्तिले मोक्ष प्राप्त गर्ने विश्वास राखेर अहिलेसम्म डोमबाटै आगो किन्ने प्रचलन छ । मरण कार्यमा पवित्र दलित पूजन कार्यमा कसरी अपवित्र हुन्छ ? यो सामान्य कुरा पनि बुझिदिने हो भने विवाद हुँदैन थियो । पोखरिया नपाले यो विषयमा फड्को मारेको छ र यही वैशाख १४ गतेदेखि हुन गइरहेको शिव महापुराण, महायज्ञमा दलित सहभागिता गराउँदैछ । धार्मिक गतिविधि विवादरहित हुनुपर्छ । सबैको भलो होस् भन्ने अभिप्रायले नै महायज्ञको आयोजना गरिन्छ । यस्तोमा एउटा समुदाय गरीब, अशिक्षित, कमजोर भएकै कारण महायज्ञबाट वञ्चित पार्ने काम धार्मिक र कानूनी हिसाबले पनि पाच्य हुँदैन र यस्ता कार्यमा संलग्नहरूलाई समाज र कानूनबाट सजाय गराउन सकिएको खण्डमा मात्र वास्तविकरूपमा समाज परिवर्तनको कल्पना गर्न सकिन्छ ।

# सरजी ! मेरो पनि गुनासो छ

शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

**विद्यार्थीप्रति उत्तरदायी कुनै पनि विद्यालयले गुनासो संयन्त्र निर्माण गर्न आफ्नो तरीकाले प्रयत्न गर्नैपर्छ । प्रतिदिन विद्यार्थीको तहबाट देखापर्ने गुनासाहरू हल गर्न सकियो, व्यवस्थापन गर्न सकियो भने कोही अभिभावक विद्यालय चहार्दै आउँदैन र भन्दैन–“सर ! मेरो पनि गुनासो छ ।”**

भोजपुरीका आदिकवि कबीर दासले भनेका छन्–“निंदक नियरे राखिए/आँगन कुटी छवाय/बिन पानी साबुन बिन/निर्मल करे सुभाय ।” अर्थात् आफ्नो आलोचना गर्ने मानिसलाई घर नजीकै छाप्रो बनाएर बसाउनुपर्छ किनभने उसले तपाईंको स्वभावलाई पानी र साबुनबेगर सफा गरिदिन्छ, फोहरहरू पखालिदिन्छ । गुनासो पनि एक प्रकारको सकारात्मक आलोचना नै हो । कसैले गुनासो गर्नु भनेको कमी–कमजोरी औंल्याउनु पनि हो । अभिभावकले विद्यालय समक्ष गर्ने गुनासो आफ्नो सन्तानमा सुधारका लागि गर्ने प्रयासको थालनी हो । सन्तानको प्रगतिका लागि यो प्रयास हुनु पनि पर्छ । गुनासोले मानिसलाई सतर्क र जागरुक बनाउँछ । भनिन्छ समस्या परेको बेला सही व्यक्तिको पहिचान हुन्छ । यस कारण गुनासो अवसर पनि हो । यसबाट गुनासो गर्ने, गुनासो सुन्ने र गुनासोको प्रतिभागीलाई समेत लाभ प्राप्त हुन्छ ।

अब प्रश्न उठ्छ गुनासो आइपुग्दा असल प्रधानाध्यापकले के गर्ने ? सबैभन्दा पहिले सहज वातावरण निर्माण गर्ने जहाँ अभिभावकले आफ्ना मनका कुरा पोख्न सकून् । कुनै अभिभावकलाई लागोस् कि प्रधानाध्यापकले मलाई आफ्नो गुनासो व्यक्त गर्न प्रोत्साहन गरिराखेका छन् । मैले गुनासो पोखेपछि विद्यालयको तर्फबाट त्यसको सक्दो समाधान खोजिन्छ भन्ने भरोसा अभिभावकमा देखा पर्नुपर्छ । संवादको पहिलो चरणमा प्रधानाध्यापकले त्यो सीप देखाउन सक्नुपर्छ । त्यसपछि आउँछ गुनासो पहिचान गर्नु । गुनासो कस्तो छ ? कुन स्तरको छ ? कहिलेकाहीं समस्या अभिभावकमा पनि हुन्छ र विद्यार्थीमा पनि । विद्यार्थीमा प्रयोगको समस्या हुन्छ भने अभिभावकमा बुझाइको समस्या । समस्याको पहिचान त्यसरी नै गर्नुपर्छ जसरी एउटा डाक्टरले रोगको गर्छ । रोगको पहिचान गरेपछि उपचार सम्भव हुन्छ । तर बिर्सनु के हुँदैन भने रोगका लक्षणहरूलाई नै रोगको कारण मान्नुहुँदैन । त्यसैले यो चरण अत्यन्त महत्त्वपूर्ण हो । गुनासोको विश्लेषण गर्ने, उपचारको बाटो पहिचान गर्न सक्ने, अभिभावकलाई ढुक्क बनाउन सक्ने र विद्यार्थीमा त्यसको असर देखाउन सक्ने मौका यही हुन्छ । यहाँ चुक्यो भने केही गर्न सकिंदैन ।

गुनासो सुनिरहँदा प्रधानाध्यापकले आफूमा आत्मविश्वास प्रदर्शन गर्न सक्नुपर्छ । कतिपय सन्दर्भमा तुरुन्त एक्शनमा जानुपर्छ । यसले अभिभावक हौंसिन्छन् । उनीहरू आउँदा अनेकौं तनाव लिएर आएका हुन्छन् तर फर्कंदा शान्त, विश्वस्त र विद्यालयको सहयोगी भएर फर्किराखेका हुन्छन् । मुख्य कुरो के हो भने विद्यालय र विद्यार्थीबीचको सम्बन्धलाई नै पूर्ण शिक्षण विधि मानिने गल्ती गरिन्छ । यहाँ के बिर्सिन्छ भने अभिभावक भन्ने पक्ष पनि महत्त्वपूर्ण हुन्छ । अभिभावकलाई विश्वासमा नलिई वा उसमार्फत सहयोग प्राप्त नगरेसम्म बहुसङ्ख्यक विद्यार्थीले उत्कृष्टताको प्रदर्शन गर्न सक्दैनन् । यसैका लागि त अभिभावक भेला गरिन्छ, तर दुःख लाग्छ वीरगंजमा अभिभावक भेला प्रायः एउटा तमाशामा परिवर्तन भइसकेको छ । त्यहाँ चटक प्रदर्शन गरिन्छ र अभिभावकलाई ‘हिप्नोटाइज’ गर्ने कोशिश गरिन्छ । परिणामतः जब सम्मोहनबाट कुनै अभिभावक विशेष मुक्त हुन्छ, ऊ छट्पटिंदै गुनासोको पोको लिएर विद्यालयको ढोका ढकढकाउन पुग्छ ।

स्वयं विद्यालयले पनि गुनासो पोख्ने संयन्त्र विकसित गर्नुपर्छ । त्यसका लागि विभिन्न प्रक्रिया अवलम्बन गर्न सकिन्छ जसबारे अबका दिनमा वीरगंजमा विशेष छलफल हुनु जरूरी छ । प्रत्येक विद्यालयको आधारभूत मान्यता हुनुपर्‍यो कि “हामी गुनासो आउने कार्यलाई प्रोत्साहित गर्छौं र यसरी गुनासो आउनुसँग विद्यालयको भविष्य जोडिएको छ ।” अब हामी विचार गरौं गुनासो आउने कार्यलाई कसरी फस्टाउने वातावरण बनाउने र यसरी आइपुगेका गुनासोको जगमा विद्यालयमैत्री वातावरण कसरी बनाउने ? यो कुरा दुई कोणबाट चिन्तन–मनन भयो भने कुनै पनि विद्यालयले आइपुगेको गुनासोलाई झंझटिलो मान्दैन, दिकदार महसूस गर्दैन, अटेर र अलमल गर्दैन । यसका लागि सबैभन्दा पहिलो शर्त हो अभिभावकहरूमा अग्रीम रूपमैं “तपाईंले गुनासो गर्नुपर्छ” भन्ने भाव बोध गराउन सक्नु । कुनै पनि अभिभावकले आफ्नो घरेलू परिवेशको दबाबमा आएर गुनासो लिएर पुग्ने वातावरण निर्माण हुनुभन्दा पनि विद्यार्थीको नामाङ्कन भएकै दिनमा विद्यालयले विशेष ताकेता गरेर भन्नुपर्छ–“तपाईं समयसमयमा गुनासो गर्नु होला है । बाँकी काम हाम्रो हो ।”

विद्यालयको चिनारीपत्र वा विज्ञापनमा भनिएका सबै सेवा सुविधा र गुणस्तरबारे ढुक्क रहन पनि त्यतिकै विश्वासिलो वचन पहिलो दिन अभिभावकलाई दिनुपर्छ । विद्यालयले भन्न सक्नुपर्छ–“हामी आफ्नो बारे जे भनेका छौं, त्यसमा ढुक्क बस्नुस् । तपाईं हामीमाथि भर पर्नुभएको छ भने हामी तपाईंको विश्वासको रक्षा गर्छौं ।” यति भन्दा भन्दै पनि विद्यालयले अभिभावकहरूलाई के भनेर प्रोत्साहित गर्नुपर्छ भने–“तपाईंले बेलामौकामा भन्नुपर्छ–“सर ! मेरो पनि गुनासो छ ।” यो गुनासो गर्न किन भनिएको हो, त्यसको कारण पनि अभिभावकलाई बताइदिनुपर्छ । त्यो कारण भनेको अभिभावकको तर्फबाट गुनासो आएन भने विद्यालयको परिवेश यथास्थितिवादी हुन जान्छ । विद्यालयमा केही नवीनता, केही अग्रगमन, केही मौलिकता, अनेकौं सिर्जनात्मकता, परिष्कार र परिवर्तनतिर विद्यालयले ध्यान नै दिंदैनन् । गुनासो आइराख्यो भने नयाँनयाँ प्रविधि र प्रयोग गर्न विद्यालय बाध्य हुन्छ ।

प्रत्येक विद्यार्थी आफैंमा विद्यालयका लागि एउटा नयाँ अवसर र चुनौती पनि हो । प्रत्येक विद्यार्थीमार्फत विद्यालयले आफूलाई जीवन्त महसूस गर्छ । आफ्ना तौरतरीकामा केही नयाँपन ल्याउन ऊर्जा प्राप्त गर्छ । विद्यालयले यसरी भन्न सक्यो भने अभिभावकमा दुईटा सन्देश जान्छ–पहिलो, उसले विद्यालयले दिएको प्रतिबद्धताप्रति भरोसा गर्छ । दोस्रो, विद्यालयलाई थप गतिशील हुन आफ्नो पनि जिम्मेवारी हो भन्ने महसूस गर्छ । यसबाट आखिरमा विद्यालयलाई नै सहयोग प्राप्त हुन्छ ।

विद्यालयले मासिकरूपमा एउटा गुनासो प्रश्नावली राख्नुपर्छ । प्रत्येक महीना विद्यार्थीमार्फत त्यो प्रश्नावली पठाउनुपर्छ किनभने अभिभावक भेलाहरूमा अहिलेको व्यस्ततम समयमा अभिभावकहरू पुगिराखेका हुँदैनन् र विद्यालयले चाहेको अन्तर्क्रिया हुन सकिरहेको हुँदैन । त्यसैले यस्तो प्रश्नावली पठायो भने अभिभावकहरू सुविधा अनुसार जवाफ लेखेर पठाउँछन् । यसबाट के फाइदा हुन्छ भने विद्यालयले प्राप्त हुन आएको ‘फिडबैक’को आधारमा कक्षा शिक्षकको मूल्याङ्कन गर्छ, विषयगत शिक्षकहरूको लेखाजोखा गर्छ, विद्यालयका अतिरिक्त क्रियाकलापबारे केही दृष्टिकोण पाउँछ र स्वयं पनि विद्यार्थीबारे जानकारी पाउँछ जसको आधारमा विद्यालयमा विद्यार्थीसँग गरिने ध्यानाकर्षण वा जिम्मेवारी वहन गर्न सघाउ पुग्छ । यसरी प्रश्नावली प्रक्रियाको अर्को महत्त्वपूर्ण पक्ष के हो भने एकै पटक विस्फोटक भएर आउने गुनासाहरू स्वयमेव मत्थर भएर जान्छ । एउटा नियमित प्रक्रियाले प्रत्येक पक्षलाई मर्यादित र जिम्मेवार बनाउँछ ।

तेस्रो तरीका हो ‘तत्क्षण गुनासो’ । विद्यालय परिसरमा यस्तो एउटा लेटर बक्सको व्यवस्था हुनुपर्छ जहाँ विद्यार्थीलाई आफूलाई लागेको गुनासो लेखेर त्यसमा खसाल्न सकोस् । यस्तो गुनासो सङ्कलन गर्ने प्रक्रियामा सम्बन्धित विद्यार्थीले आफ्नो नाम लेख्नुपर्ने बाध्यता रहँदैन । विद्यालय परिसरका प्रत्येक गतिविधिबारे कुनै पनि विद्यार्थीको मनमा केही कुरा आयो भने उसले तत्काल लेखेर त्यो लेटर बक्समा खसाल्न सक्छ । त्यो लेटर बक्सको बन्दोबस्ती केही ओझेल ठाउँमा राख्नुपर्छ । यसले के हुन्छ भने आफूलाई चिनाउन नचाहने तर गुनासो वा सुझाव दिन चाहने विद्यार्थीले त्यसलाई एउटा अवसरको रूपमा लिन्छ र यसरी दैनिक विद्यालयले गुनासो सङ्कलन गर्ने संयन्त्र निर्माण गर्न सक्छ । यस कारण आजको परिवेशमा गुनासो सङ्कलन संयन्त्र निर्माण गर्नु प्रत्येक विद्यालयको कार्यभार हो । विद्यार्थीप्रति उत्तरदायी कुनै पनि विद्यालयले गुनासो संयन्त्र निर्माण गर्न आफ्नो तरीकाले प्रयत्न गर्नैपर्छ । प्रतिदिन विद्यार्थीको तहबाट देखापर्ने गुनासाहरू हल गर्न सकियो, व्यवस्थापन गर्न सकियो भने कोही अभिभावक विद्यालय चहार्दै आउँदैन र भन्दैन–“सर ! मेरो पनि गुनासो छ ।”

# एमाले प्रतिनिधि परिषद् बैठकः अनैतिक, भ्रष्ट र अनुशासनहीन क्रियाकलाप नियन्त्रणमा जोड

काठमाडौं, ९ वैशाख/रासस

नेपाल कम्युनिस्ट पार्टी (एमाले)को ललितपुरमा जारी प्रतिनिधि परिषद् बैठकमा नेता तथा कार्यकर्ताको अनैतिक तथा भ्रष्ट आचरण र अनुशासनहीन क्रियाकलाप नियन्त्रणमा जोड दिइएको छ ।

सो पार्टीका महासचिव शङ्कर पोखरेलले प्रस्तुत गरेको पार्टीको साङ्गठनिक प्रतिवेदनमा पार्टीका नेता तथा कार्यकता कसैका बारेमा पनि नैतिक प्रश्न र गम्भीर आशङ्का पैदा भएमा सम्बन्धित तहको पार्टीले आवश्यक छानबीन गरी कारबाई प्रक्रिया अगाडि बढाउनुपर्ने उल्लेख गरिएको छ ।

“एमालेको विशेषता भनेको यसका नेता र कार्यकताहरू सरल, नैतिकवान् चरित्रवान् र जनपक्षीय हुनु हो । यस प्रकारको विशेषताले हाम्रो पार्टीलाई अरू पार्टीभन्दा फरक र विशिष्ट बनाउने काम गरेको छ । पछिल्ला समयमा हाम्रो पार्टीका नेता र कार्यकताबारे सार्वजनिकरूपमा टीकाटिप्पणीहरू सुनिने तर त्यसका बारेमा कुनै सुनवाइ नभइरहेको अवस्था देखिन्छ,” प्रतिवेदनमा भनिएको छ । प्रतिवेदनमा यस्ता घटनामा पार्टीका तर्फबाट अनुसन्धानको प्रक्रिया अघि नबढाइँदा इमानदारहरू पीडित हुने



तस्वीरः रासस

र कमजोरी गर्नेले छुट पाउने स्थिति सिर्जना हुने अवस्था रहेको उल्लेख गर्दै अब त्यस प्रकारको अवस्था अन्त्य हुनुपर्नेमा जोड दिइएको छ ।

प्रतिवेदनमा पार्टी नेता तथा कार्यकताको जीवनशैली, आचरण र व्यवहार जनपक्षीय, पारदर्शी र नैतिकवान् हुनुपर्ने उल्लेख गरिएको छ । प्रतिवेदनमा जिल्ला र पालिका तहमा कुल मतदाताको छ प्रतिशत र वडामा न्यूनतम तीन प्रतिशत पार्टी सदस्यता विस्तार गर्ने उल्लेख छ ।

प्रतिवेदनमा पुराना सदस्यले नवीकरण शुल्क बुझाइसकेको अवस्थामा पनि नवीकरण विवरणमा नाम समावेश नभएको जनाइएको छ । कतिपय जिल्लाले पार्टी सदस्यता नवीकरणमा ध्यान दिएको नपाइएको विषय पनि उठान गरिएको छ ।

पार्टीले युवालाई नेतृत्व विकास गर्नका लागि प्रत्येक गाउँपालिकाले ५० जना, नगरपालिकाले एक सयजना, उपमहानगरले डेढ सयजना र महानगरले दुई सयजना युवा पहिचान गर्दै नेतृत्व विकासको लागि प्रशिक्षण प्रदान गरी पार्टीको काममा जोड्नुपर्ने उल्लेख गरिएको छ ।

आज पार्टी अध्यक्ष केपी शर्मा ओलीको राजनीतिक, महासचिव पोखरेलको साङ्गठनिक, केन्द्रीय अनुशासन आयोगका अध्यक्ष केशव बडाल, केन्द्रीय लेखा आयोगका अध्यक्ष डा पुष्पराज कँडेल, निर्वाचन आयोगका अध्यक्ष डा विजय सुब्बा र केन्द्रीय सल्लाहकार परिषद्का अध्यक्ष अमृतकुमार बोहराको प्रतिवेदनमाथि विभिन्न छ समूहमा छलफल भएको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# प्यालेस्टाइन विद्रोहीको कब्जामा रहेका विद्यार्थीलाई सकुशल फर्काउन कूटनीतिक पहल भइरहेको छ -प्रधानमन्त्री

महेन्द्रनगर, ९ वैशाख/रासस

पुष्पकमल दाहाल प्रचण्डले प्यालेस्टाइन विद्रोहीको कब्जामा रहेका विद्यार्थीलाई सकुशल नेपाल फर्काउन सरकारले गम्भीरतापूर्वक कूटनीतिक पहल गरेको बताएका छन् ।

सुदूरपश्चिम विश्वविद्यालयको चौथो दीक्षान्त समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री एवं विश्वविद्यालयका कुलपति प्रचण्डले प्यालेस्टाइन विद्रोहीको आक्रमणमा परेर नेपाली विद्यार्थीले ज्यान गुमाएको घटनाप्रति दुःख व्यक्त गरे ।

"सुदूरपश्चिम विश्वविद्यालयको कृषिविज्ञान सङ्कायबाट 'सिक्दै कमाउँदै' कार्यक्रम अन्तर्गत इजरायल गएर काम गरिरहेको अवस्थामा हाम्रा विद्यार्थीहरूले प्यालेस्टाइन विद्रोहीको आक्रमणमा परेर ज्यान गुमाउनुपरेको घटनाले मलाई निकै दुःखी तुल्याएको छ," प्रधानमन्त्री प्रचण्डले भने, "उक्त घटनामा परेर ज्यान गुमाउनुहुने विद्यार्थीहरुप्रति भावपूर्ण श्रद्धाञ्जलि व्यक्त गर्छु । उहाँका परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्छु ।"

उनले उक्त आक्रमणमा परेर घाइते भएका तथा अन्य प्रभावित विद्यार्थीलाई यथाशीघ्र स्वदेश फिर्ता ल्याउन र ज्यान गुमाउने विद्यार्थीहरूको शव फिर्ता ल्याउनका लागि सरकारले निर्वाह गर्नुपर्ने भूमिका तदारूकतापूर्वक निर्वाह गरेको उल्लेख गरे ।

"अझै पनि एकजना विद्यार्थी विद्रोहीको कब्जामा रहेका छन्," प्रधानमन्त्री प्रचण्डले भने, "उहाँलाई सकुशल स्वदेश फर्काउन आवश्यक कूटनीतिक प्रयास भइरहेको छ ।"

# ढढेलोले गुल्मीमा करोडौंको क्षति, ६७ भन्दा बढी घरगोठ जले

गुल्मी, ९ वैशाख/रासस

गुल्मीमा तीन दिनदेखि लागेको ढढेलोले करोडौंको क्षति भएको छ । सामुदायिक वन र निजी वनबाट सल्केको ढढेलोले ६७ भन्दा बढी घरगोठ जलेका छन् । दर्जनौं पशुचौपाया आगोले गोठमै जलेर मरेका छन् ।

शनिवार चलेको हावाहुरीका कारण ढढेलो निभाउन नसक्दा आगो बस्तीमा प्रवेश गरी घर जलेका थिए । बस्तीमा आगो प्रवेश गरेपछि इस्माका सर्वसाधारणले बारीका पाटामा बसेर ज्यान जोगाएका थिए । स्थानीयवासीलाई आगो निभाउनेभन्दा पनि कसरी ज्यान जोगाउने भन्ने त्रासदीपूर्ण अवस्था सिर्जना भएको थियो ।

इस्मा गाउँपालिकामा आगलागीबाट शनिवार मात्र ६७ वटा घरगोठ जलेर नष्ट भएका छन् । इस्मा गाउँपालिका-२ सिदुङ्खाको रानी सामुदायिक वनमा लागेको ढढेलो अचानक बस्ती पसेपछि हस्तीचौरको सिदुङ्खामा १३ घर र २६ बङ्गला जलेर नष्ट भएका छन् ।

त्यसैगरी, इस्मा गाउँपालिका-४ को तिम्लेखर्कमा सात घर र १६ वटा बङ्गला र गोठसहित एउटा मन्दिर जलेका छन् । सोही वडाको भड्किनामा एक घर र चारवटा बङ्गला र एउटा खोर जलेको इस्मा गाउँपालिकाका अध्यक्ष भगतसिंह खड्काले जानकारी दिए । आगलागीका कारण ४० भन्दा बढी चौपाया जलेर मरेका छन् ।

इस्मा गाउँपालिका-१ मा लागेको ढढेलोका कारण ट्याक्टर चालक स्थानीयवासी १९ वर्षीय हिमाल राना र मुसिकोट नगरपालिका-७ पल्टारका २१ वर्षीय प्रेम राना घाइते भएका छन् । उनीहरूको हात खुट्टा र अनुहार जलेको प्रहरीले जनाएको छ । घाइतेको लुम्बिनी




मेडिकल कलेज पाल्पामा उपचार भइरहेको छ । उनीहरु खतरामुक्त रहेको जिल्ला प्रहरी कार्यालय, गुल्मीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक शङ्करप्रसाद पोखरेलले बताए ।

आगलागीले विस्थापित परिवार छिमेकीको घरमा आश्रय लिएर बसिरहेका छन् । इस्मा गाउँपालिका र नेपाल रेडक्रसको सहयोगमा पीडित परिवारलाई तत्कालका लागि अत्यावश्यक खाद्यान्न, लत्ताकपडा, किट, लाइट, पानी, चाउचाउ, भाँडाकुँडालगायतका सामग्री वितरण गरिएको गाउँपालिका अध्यक्ष खड्काले बताए ।

आगलागी क्षेत्रमा स्थानीय पालिका, जिल्ला प्रशासन, सुरक्षा निकाय, डिभिजन वन कार्यालयलगायतको टोली परिचालन गरेका छन् । इस्माको हुल र कोटकोटेरी दुई स्थानमा ढढेलो लागेको छ । हुलमा लागेको ढढेलो बस्ती पसेपछि टोकली बस्नेतको बङ्गला, सूर्य र गुञ्जबहादुर बस्नेतको गोठ जलेर नष्ट भएका छन् । एक भैंसी र नौ बाख्रा मरेका छन् ।

इस्मा गाउँपालिका-४ कै कोटकोटेरीमा जङ्गलको ढढेलो बस्ती पसेपछि स्थानीयवासी ऋषिराम खनाल, बलबहादुर दर्जी, सरीता अधिकारी, ज्ञानु अधिकारी, विमला अधिकारी, सुरेन्द्रलाल विक, रामबहादुर अधिकारी, गोरखनाथ विकका घर र खगेश्वर विकको बङ्गला जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय, गुल्मीले जनाएको छ । गाउँमा पाइप जलेपछि खानेपानीको अभाव भएको छ ।

शुक्रवार र शनिवार गरी इस्मा, रेसुङ्गा, गुल्मीदरबार, रुरुलगायतका क्षेत्रमा ढढेलो लागेको थियो । मदाने र मालिकामा पर्ने गुराँसे वनमा दुई दिनदेखि लागेको ढढेलो अझै निभेको छैन ।

# समाचार लेख्दा संयम बन्न आग्रह

काठमाडौँ, ९ वैशाख/रासस

नेपाल प्रहरीले अनुसन्धानको क्रममा रहेका विषयको समाचार लेख्दा संयम बन्न आग्रह गरेको छ । नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागले आइतवार आयोजना गरेको 'आपराधिक घटनाको समाचार सम्प्रेषण'सम्बन्धी सञ्चारकर्मीसँग गरेको अन्तर्क्रियामा अपराध अनुसन्धानका क्रममा रहेका घटनाको समाचार लेख्दा संयम बन्नुपर्नेमा जोड दिइयो ।

अपराध अनुसन्धान विभागका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) टेकबहादुर तामाङले आशङ्काका भरमा कसैको संलग्नताबारे समाचार सम्प्रेषण गर्दा भ्रम सिर्जना हुने भन्दै यस्ता प्रकृतिका समाचार सम्प्रेषणमा विशेष ध्यान दिनुपर्ने बताए ।

"तथ्यमा आधारित नभएका समाचार जथाभावीरूपमा सम्प्रेषण गर्दा आम जनतामा भ्रम सिर्जना भएको छ, यस्ता समाचार सम्प्रेषणमा विशेष ध्यान दिन जरुरी छ," उनले भने । एआइजी तामाङले प्रहरीले आम जनसरोकारका विषय सञ्चारमाध्यमलाई प्रदान गर्दै आइरहेको उल्लेख गरे ।

नेपाल प्रेस काउन्सिलका आचारसंहिता अनुगमन शाखा प्रमुख महेन्द्रराज सिंहले काउन्सिलले प्रेस काउन्सिल ऐन २०४८ बमोजिम आचारसंहिता निर्माण गरी सञ्चारमाध्यमको अनुगमन गर्दै आइरहेको उल्लेख गरे । "जनशक्तिले भ्याएसम्म आचारसंहिता उल्लङ्घन गर्दै आएका सञ्चारमाध्यमलाई प्रेस काउन्सिलले कारबाही गर्दै आइरहेको छ," उनले भने ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयकी शाखा अधिकृत शारदा चालिसेले सत्य, तथ्य र विश्वसनीय समाचार सम्प्रेषणमा मन्त्रालयले काम गरिरहेको बताइन् ।

कार्यक्रममा उपस्थित सञ्चारकर्मीले सूचना लुकाउँदा आम जनताको सुसूचित हुने हकको हनन हुने भएकाले समाचार दिंदा कन्जुस्याइँ गर्न नहुनेमा जोड दिएका थिए ।

# मुक्त हरवाचरवाको पुनर्स्थापनासम्बन्धी कार्यविधि पारित गर्न माग

जनकपुर, ९ वैशाख/रासस

राष्ट्रिय हरवाचरवा अधिकार मञ्चको तेस्रो राष्ट्रिय सम्मेलन १७ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ ।

घोषणापत्रमा मुक्त हरवाचरवाको पुनर्स्थापनासम्बन्धी कार्यविधि र कार्ययोजना अविलम्ब पारित गरी लगत सङ्कलन, प्रमाणीकरण र परिचयपत्र वितरण गर्न सरकारसँग आग्रह गरिएको छ ।

हरवाचरवाको मुक्तिको घोषणा गरिए पनि पुनर्स्थापनामा ध्यान नदिएको भन्दै तत्काल सोसम्बन्धी कार्य गर्न तीनै तहका सरकारलाई आग्रह गरिएको छ । सम्मेलनले घोषणापत्रमा नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयले तयार गरी अर्थ मन्त्रालयमा पठाएको पुनर्स्थापनासम्बन्धी कार्यविधि र कार्ययोजना पारित गर्न र मुक्तहलिया, कमैया-कमलहरी तथा हरवाचरवाको वस्तुस्थिति अध्ययन समितिले नेपाल सरकारसमक्ष पेश गरेको सिफारिशसहितको प्रतिवेदन तत्काल कार्यान्वयन गर्न माग गरेको छ ।

त्यस्तै, हरवाचरवालाई कम्तीमा १० कठ्ठा जमीन, वैकल्पिक रोजगारमा लाग्न इच्छुक रोजगारविहीन हरवाचरवालाई तीन महीना, छ महीना र लामो अवधिका सीपमूलक तालीम, रु एक लाखको बीउ पूँजी र आवश्यक औजार प्रदान गर्न, एकीकृत प्याकेजसहितको बहुआयामिक गरीबी निवारण कार्यक्रम लागू गर्न, केन्द्र, प्रदेश तथा स्थानीय तहलाई समन्वयात्मक ढङ्गले समस्या हल गर्नेगरी आगामी नीति तथा कार्यक्रम र बजेटमा स्पष्ट नीति ल्याउन माग गरिएको छ ।

सम्मेलनले जमीन तथा बसाइँको प्रमाण नभएका कारण आधाभन्दा बढी हरवाचरवा नागरिकताबाट वञ्चित भएकाले राज्यबाट प्रदान हुने सामाजिक सुरक्षा तथा अवसरबाट वञ्चित हुनुपरेकोले सोसम्बन्धी वैकल्पिक व्यवस्था गर्न तथा विकासका नाममा मुक्त हरवाचरवा बसोबास गर्दै आएको स्थानबाट विस्थापित गर्ने कार्य भइरहेकोले अर्को व्यवस्था नभएसम्म सोसम्बन्धी कार्य रोक्न सम्बन्धित निकायलाई निर्देशन जारी गर्नसमेत जोड दिएको छ ।

यसका साथै मुक्तहलिया, कमैया, कमलरी र हरवाचरवाका समस्याको दिगो समाधान, प्रभावकारी पुनर्स्थापना कार्यक्रम र बाध्यकारी श्रमलाई कानूनीरूपमा सदाका लागि निषेध गर्न एकीकृत बाध्यकारी श्रम निषेध ऐन आगामी संसद् अधिवेशनबाट पारित गर्न माग गरिएको छ ।

**मण्डलको अध्यक्षतामा २५ सदस्यीय कार्यसमिति**

दुई दिने सम्मेलनले दशनलाल मण्डलको अध्यक्षतामा २५ सदस्यीय कार्यसमितिसमेत चयन गरेको छ । समितिको उपाध्यक्ष श्रीप्रसाद सदा, महासचिव लागिन्द्र सदा, सचिव मोहमद कासीम मियाँ र विगनेस पासवान तथा कोषाध्यक्ष राजवती मण्डल निर्वाचित भएका छन् ।

समितिका केन्द्रीय सदस्यमा सुमित्रा खङ, गीतादेवी सदाय, तेतरीदेवी माझी, सोनिया माझी, रामसखीदेवी खच्चे (मण्डल), ठकनीदेवी राम, अली मोहमद नदाफ, श्यामसुन्दर सदा, मधु सदा, देवेन्द्र राम, खूबलाल राम, दली माझी, धनमन्ती राम, गोलीयादेवी राम, उपेन्द्र दास रहेका छन् ।

बाँकी चार सदस्य कार्यसमितिले मनोनयन गर्ने नवनिर्वाचित अध्यक्ष दशनलाल मण्डलले जानकारी दिए ।

# अर्घाखाँचीमा आगलागी, ४३ घर गोठ जले

अर्घाखाँची, ९ वैशाख/रासस

अर्घाखाँचीका विभिन्न स्थानमा शनिवार भएको आगलागीका कारण ४३ घरगोठ जलेर नष्ट भएका छन् । आगलागीका कारण २० वटा घर, २३ गोठ, ११ बाख्रा र छ भैंसी जलेको जिल्ला प्रहरी कार्यालय, अर्घाखाँचीका प्रहरी निरीक्षक दीपेन्द्र रावलले जानकारी दिए ।

भूमिकास्थान नगरपालिका वडा नं ३ र ४ धारापानीमा हिजो भएको आगलागीमा २३ घरगोठ जलेका थिए । नगरपालिका धारापानीको रातामाटा, जाबुनडाँडा, बाजाखर्क, फलामखिल्जी लगायतका गाउँको आगलागीले १३ घर र १० घरगोठ जलेर नष्ट भएको जिप्रका, अर्घाखाँचीका सूचना अधिकारी दीपेन्द्र रावलले बताए ।

उनका अनुसार बस्तीमा लागेको आगो नियन्त्रणमा आए पनि वनमा लागेको आगो भने अझै नियन्त्रणमा आएको छैन ।

आगलागीबाट पाणिनी गाउँपालिकामा दुईवटा घर र पाँचवटा गोठ जलेका छन् । शीतगङ्गा नगरपालिका वडा नं ६ र १२ भेडामारे, डोहोटे, गल्डुङ्गलगायतका स्थानमा ढढेलोले पाँच घर र आठ गोठ जलेर नष्ट भएका छन् ।

# एशियन राजमार्गः रूख कटानसँगै पुल र कल्भर्ट निर्माण शुरु

झापा, ९ वैशाख/रासस

पूर्व-पश्चिम एशियन हाइवे अन्तर्गत रूख कटानसँगै पुल र कल्भर्ट निर्माण शुरू भएको छ । एशियाली विकास बैंक आयोजना दमकका योजना प्रमुख सुनीलबाबु पन्तले काँकरभिट्टा-सीतापुरी पूर्वी खण्डको ४५ किलोमिटर क्षेत्रमा सो काम भइरहेको जानकारी दिए ।

उनका अनुसार हाल कमल र केर्खा खोलामा पुलको पायल फाउन्डेशन गर्ने, सडकको चौडाइका लागि माटो भर्ने र कल्भर्ट बनाउने काम धमाधम भइरहेको छ । सडक किनारमा रहेका चार हजार ७३० रूखमध्ये तीन हजार छ सय रूखसमेत कटान गरिसकिएको छ ।

दुई लेनको सडकलाई चार लेनमा रूपान्तरण गर्ने उद्देश्यअनुरूप निर्माण शुरू गरिएको एशियन हाइवेको सो सडकखण्डमा १४० वटा कल्भर्ट र २१ वटा पुल निर्माण हुने जानकारी दिए ।

एशियन हाइवे निर्माणका लागि काँकरभिट्टा-सीतापुरीलाई पूर्वी खण्ड र सीतापुरी-मावा खोलालाई पश्चिम खण्डमा विभाजन गरिएको छ । उनका अनुसार पूर्वी खण्डको ठेक्का पाएको एप्रासकन कालिका जेभीले तीव्ररूपमा काम गरिरहेको छ ।

"काम तीव्ररूपमा भइरहेको छ," उनले भने, "रूख काट्ने कार्य अन्तिम चरणमा पुगिसक्यो । अब पुल र कल्भर्टको काम पनि द्रुतगतिमा भइरहेको

(बाँकी पाँचौं पातामा)



**मकैबाली:** सर्लाहीको बरहथवा नगरपालिका-१, नयाँ बजारस्थित खेतमा किसानले गरेको मकैखेतीमा पम्पसेटमार्फत लगाइएको पानी । सिंचाइको अन्य विकल्प नभएपछि यहाँका किसान विद्युत् वा डिजेलको पम्पसेटको प्रयोगबाट पानी तानेर खेतमा सिंचाइ गर्छन् । तस्विरः सिंगबहादुर थापा

# रूपन्देहीका नौवटा गाउँमा आगलागी

भैरहवा (रूपन्देही), ९ वैशाख/रासस

तराई क्षेत्रमा लामो समयदेखि वर्षा नहुँदा यहाँको जनजीवन प्रभावित भएको छ । पानीको अभाव र सुक्खा मौसमका कारण रूपन्देहीका विभिन्न स्थानमा आगलागी हुँदा चौपाया, अन्नबाली एवं घरमा क्षति भएको छ ।

रोहिणी गाउँपालिका-६ बाट शनिवार अपराह्न नौवटा गाउँमा आगो फैलिएको जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक मनोहर भट्टले जानकारी दिए । गहुँको नलबाट शुरू भएको आगो बतासका कारण फैलिंदा विष्णुपुरा, पर्सा, बुची, बरवा, तर्कुलहा, कोटहवा, चम्पकपुर हुँदै पिप्रहवामा क्षति भएको छ ।

आगोले मानवीय क्षति नभए पनि ४० वटा घर जलेको तथा ३९ वटा बाख्रा मरेको उनले बताए । प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, देवदह नगरपालिकाको दमकल र स्थानीयको प्रयासले साँझपख आगो निभाइएको थियो ।




आगलागीका घटना जिल्लाभरि नै भएको प्रवक्ता भट्ट बताउँछन् । गैडहवा गाउँपालिकामा पनि आगलागीमा लाखौंको क्षति भएको छ । वडा नं ७ सिसैं बस्ने बालेमिन्द्र लोधको फुसले छाएको गोठमा विद्युत् चुहिंदा आगलागी भएको थियो । उक्त गोठमा रहेका नौ बाख्रासहित रु तीन लाख बढीको क्षति भएको प्रहरी कार्यालयले जानकारी दिएको छ ।

लुम्बिनी सांस्कृतिक नगरपालिका-९ पिपरामा खेतमा गहुँका ठुटा जलाउन लाग्दा आगोको लप्का फैलिएर होटल पवन प्यालेस परिसरमा पुगेको थियो । यसबाट प्लाइउड, लत्ताकपडा, भाँडाबर्तन, खाद्यान्नलगायत रु सात लाख बराबरको क्षति भएको प्रवक्ता भट्टले बताए ।

# जुनियरहरूको कारगुजारी

मन्तव्य



कुमार रुपाखेती

**उता राजेशमानको महानगरीय अवस्था पनि शोले फिल्मको अङ्ग्रेजको जमानाका जेलर असरानीजस्तै छ। आधा इधर जाओ, आधा उधर जाओ, बाँकी मेरो पिछे आओ भनुन्जेल जेलर असरानी एक्लै भइसकेका थिए।**

नेपालमा नेताहरू मात्र होइन, तिनका सन्तानहरूसमेत विभिन्न काण्डमा मुछिन थालेका छन्। पूर्वसभामुख महराका छोरा, पूर्व उपराष्ट्रपति नन्दबहादुर पुनका छोरा, पूर्वगृहमन्त्री बादलका छोरा, पूर्व उपप्रधानमन्त्री टोपबहादुर रायमाझीका छोरा (हाल जेलमा) आदि सबैमाथि कुनै न कुनै गम्भीर अपराधको आरोप छ। छोराले बाउको पैतृक सम्पत्तिमा हिस्सा पाउँछ तर यी छोराहरूले त पैतृक सम्पत्तिको रूपमा तस्करी, सुन तस्करी, मानव तस्करीलाई आफ्नो हिस्सा बनाएका छन्। अनि नेताजीहरूले पनि ढाल बनेर यिनलाई बचाउने, प्रोत्साहन दिने जगजाहेर छ। बेला कुबेला सत्ता र शक्तिमा छँदा वामदेव गौतमका छोरा, झलनाथका छोरा, रामचन्द्रका छोरा पनि चर्चामा रहन्थे। बाचुन्जेल प्रचण्डपुत्र प्रकाशको चर्चा पनि शिखरमा थियो। विगतमा प्रधानमन्त्री बनेका मनमोहन अधिकारीका छोराहरू र माधव नेपालका पुत्रको नाम घपलाबाजीमा छैन। मन्त्री हुँदा साहना प्रधानका पुत्र उमेश प्रधानले समेत आमाको पावर र पोजिशनको मजा लिएकै हुन्। स्व. सुभाष नेम्वाङको पुत्रलाई त ओलीले उत्तराधिकारी उम्मेदवार बनाएर योग्य एमाले कार्यकर्ताहरूको उछित्तो नै काढेका छन्। शक्तिकै आधारमा जयदेव देउवा व्यापारी र नेता बनेका छन्।

अब प्रश्न उठ्छ गणतन्त्र नेपालका नेता पुत्रहरू किन यतिबिघ्न बदनाम छन्। कसको बलमा यिनीहरू फूटबलझैं कुद्छन् र विभिन्नखाले कुकृत्य अन्जाम दिन्छन्। पूर्व राजघरानाका ज्ञानेन्द्र पुत्र पारस शाह धुन्धकारी, उरन्ठेउलो र बदमाश भनेर बदनाम छन्। विगतमा उनले नशालु पदार्थ सेवन गर्ने, सुजाताको ज्वाइँलाई पेस्तोल देखाउने, ट्राफिक नियम उल्लङ्घन गर्ने, मठमन्दिर चहार्ने आदि आरोप छ। उनी लागूऔषध सेवनकर्ताको अपराधमा थाइल्यान्डमा पक्राउ परेका थिए। उपद्रव चरित्रका पारसको यसबाहेक राष्ट्रद्रोही, भ्रष्टाचार र घूसखोरीजस्तो जघन्य अपराधको जालो छैन। जथाभावी बोलेर हिंड्ने पारसले आफ्नो भविष्य बिगारेका र घर परिवारले उनीसँग नाता तोडेको देखिन्छ। तर गणतन्त्र नेपालका महारथी पुत्रहरू कोही सुन तस्करी, कोही भूटानी नागरिक काण्ड, कोही कमिशन र घूसकाण्डका नायक नै देखिन्छन्। यस्तो कार्यमा नेताजीहरूले आफ्ना पुत्रहरूको ढाल बनेर उभिएकोसमेत देखिन्छ। अब भन्नुस् दरबारिया सुखसयल छोडेर मादक पदार्थ सेवन गरेर जथाभावी घुमेर हिंड्ने पारस खतरनाक कि सुनतस्करी गर्ने, नागरिकताकाण्ड रच्ने नेता पुत्रहरू खलनायक। भनिन्छ चितवनको एउटा रिसोर्टमा सुजाता कोइरालाका बङ्गलादेशी छोरी–ज्वाइँ (घरज्वाइँ) रूबेल चौधरीले नेपाल र नेपालीबारे बेढङ्गी पाराले बोल्न थालेपछि तर्साउनका खातिर पारसले हावामा फायर गरेकै हो। हेर्नुस्, त्यसपछि कुलेलाम ठोकेको त्यो बङ्गाली ज्वाइँ अहिलेसम्म नेपाल आएको छैन, डराएर उतै छ। पारसले मनपर्दी गर्दा दरबारको मात्र मानमर्दन घटेको, शाह परिवारको लोकप्रियता घटेको छ तर दर्जनभर नेता पुत्रहरूले त देशलाई नै नङ्ग्याएको, बदनाम गराएको, अकूत सम्पत्ति कमाएको, राजस्व मारेको देखिन्छ। अब भन्नुस् को ठूलो कसूरवार र राष्ट्रको हकहित विरोधी भयो ? नेता पुत्रहरूको नाम त सुरा–सुन्दरीसँग पनि जोडिएकै हो। अस्ति एउटा गाडीमा– 'युक्रेन ध्वस्त रूसले, नेपाल ध्वस्त घूसले' लेखेको देख्दा मलाई गणतन्त्र नेपालका नेता–पुत्रहरूको कर्तुत सङ्क्षेपमा लेख्न मन लागेको हो। पारसमाथि तथानाम आरोप लगाएर लेख्ने पत्रकारहरू अहिले कुन दुलो पसे ? ज्ञानेन्द्र पुत्र र नेताहरूका पुत्रमध्ये को बढी राष्ट्रघाती, किन कसैले लेख्दैन, देख्दैन ?

**एकचोटी महावीर पुनको सम्झनामा**

**होठों पे मुस्कान थी,**
**कन्धो पे बस्ता था,**
**सुकून के मामले में,**
**वो जमाना सस्ता था**

गुलजारको यो शायरी र राष्ट्रिय अनुसन्धान केन्द्रका डा महावीर पुनको वर्तमान दर्द मलाई उस्तैउस्तै लाग्छ। अनुसन्धानमा खट्नुपर्ने वैज्ञानिकलाई वीरगंज कृषि औजार कारखाना सञ्चालनार्थ आफैंले लेखेको पुस्तक बेच्न सडकमा जान बाध्य पार्ने नकच्चराहरूलाई भकुर्न मन लाग्छ। महान् वैज्ञानिक महावीर पुनलाई उनको लगनलाई तहेदिलले स्वागत भन्न मन लाग्छ। वीरगंज कृषि औजार कारखाना झन्डै २०५० सालदेखि कालकोठरीमा परिणत गरिएको छ। कृषि औजार र महावीर पुनप्रति सरकारी बेवास्तालाई–

**जो साथ रहकर भी साथ न हो**
**वो दूर ही रहे तो अच्छा है**
**भन्न मन लाग्छ।**

किताब बेच्न नगरीनगरी–द्वारेद्वारे घुमिरहेका महावीर पुनले किताब बेच्दै यस्तो नेपाली गीत बजाउँदै नाँच्दै हिंडेका छन्। गीतको बोल छ– यो देश ठूलो म त यै देशको छोरो, कम छैन मेरो देश, को भन्छ सानो, यो त संसारकै सानो, कम छैन मेरो देश।


उनी लिखित पुस्तकको एक प्रतिको मोल ७५० हो। झन्डै ६५ हजार थान किताब नाँच्दै गाउँदै बिक्री वितरण गरेका छन् उनी कृषि औजार कारखाना वीरगंज सञ्चालनार्थ तीन लाख प्रति किताब बिक्री गर्ने लक्ष्यका साथ देश–देशाटन भ्रमणमा छन्। किताब पनि बेच्दैछु, देश पनि बुझ्दैछु भन्छन्। किताबको नाम हो– महावीर पुनको आत्मकथा। महीनौं लामो घुमन्ते, फिरन्तेझैं पुस्तक बेचेर हिंडेका उनी केही समयपछि वीरगंज झर्ने देखिन्छ। आशा गरौं विकासप्रेमी, वीरगंज कृषि औजार कारखानाप्रेमी महानगरवासीले हृदयदेखि नै स्वागत भन्ने छन्।

**सांसद, विधायक, मेयर सबै छाता**

पर्सा क्षेत्र नं. १ का प्रदीप यादव, विधायक लालबाबूराउत गद्दी र महानगर वीरगंजका मेयर राजेशमान सिंह सबै छाता छाप (जसपाका) विजयी सिपाही हुन्। विगतमा छाताबाटै विजयी मेयर विजय सरावगीको प्रदीप यादवसँग अनबन भएपछि एमाले छिरे। गले में गला मिलाएर हिंड्ने प्रदीप यादव र राजेशमानबीच समेत दूरी बढेको गन्ध आउन थालेको छ। खै, मेयरहरूसँग प्रदीप यादवको याराना किन लामो टिक्दैन ? हिजो सरावगीसँग अहिले राजेशमानसँग पानी बाराबारको अवस्था छ।

उता राजेशमानको महानगरीय अवस्था पनि शोले फिल्मको अङ्ग्रेजको जमानाका जेलर असरानीजस्तै छ। आधा इधर जाओ, आधा उधर जाओ, बाँकी मेरो पिछे आओ भनुन्जेल जेलर असरानी एक्लै भइसकेका थिए। जसपाबाट जितेका आधा वडाध्यक्षहरू प्रदीप यादवको खेमामा र आधा सङ्ख्या लालबाबू गद्दीको पछि लाग्नाले राजेशमानको अवस्था असरानीझैं एक्लो छ। जसपाका वडाध्यक्षहरू प्रदीप र लालबाबूको कित्तामा गएपछि एमाले आदि पार्टीका दलबदलु वडाध्यक्षहरूबाट मूतको न्यानो महसूस गर्न विवश छन्। हिजो सरावगीका खासहरू रस चुहिन्जेल राजेशमानलाई निचोर्दै साथ छोड्ने पक्का भए पनि विनासेनाको सेनापति बन्नुभन्दा भाडाका वडाध्यक्षहरू पछि लगाएर शान शौकत देखाउन विवश छन्। पूर्व मुख्यमन्त्री लालबाबूसँग प्रदीप यादवको लहलहैमा दूरी बनाउन विवश उनी पार्टीगतरूपमा घर न घाटको भएको देखिन्छ। पूर्वमुख्यमन्त्री एवं विधायक लालबाबूराउत गद्दी मात्र अहिले जसपाबाट पर्सामा कार्यकर्ताको बाक्लो सम्पर्कमा भेटिन्छन्। राजेशमानको प्रदीप यादवसँगको अहिलेको अवस्था त–**जिन्दगी भी कितनी अजीब होती है, मुस्कुराओ तो लोग जलते है, उदास रहो तो सवाल करते हैं।** मेयर साहेब अचेल विकासको सट्टा धार्मिक कार्यक्रमहरूमा रुचि लिइरहेको देखिन्छ। गीत नै छ–**ना धरम बुरा, ना करम बुरा ना गङ्गा बुरी ना जल बुरा।** मेरो तर्फबाट यिनलाई यही भन्छु– **जिन्दगी भर बस, इतना लिख पाया हुँ मैं, बहुत मजबुत रिश्ते थे कुछ, कमजोर लोगों से....।**

कहीं पे निगाहें, कहीं पे निशाना गर्नुहुँदैन। मारवाडीमा प्रचलित गीत छ **गलती म्हारे से हो गई।**




**ऐतिहासिकता झल्काउने प्रतिमाः** कालिका मन्दिर परिसरमा हालै निर्माण गरिएको बागलुङको प्रसिद्ध कालिका मन्दिर स्थापनाको ऐतिहासिकता झल्काउने प्रतिमा। प्रतिमामा विक्रम संवत् १५९१ मा पर्वते राजा प्रतापीनारायण सिंह मल्लले पाल्पाका राजा मनिमुकुन्द सेनकी छोरीसँग विवाह गरेको र राजकुमारीले आफूसँगै दाइजोको रूपमा ल्याएकी कालिका देवीको मूर्ति डोलामा बोक्दै चक्र पुँवारसहित उनका साथीहरू। उक्त मूर्ति अहिलेको कालिका मन्दिर भएको ठाउँमा बिसाइएपछि मन्दिर स्थापना भएको इतिहास छ। तस्बिरः खेमराज गौतम/रासस

## फरक समाचार

# जति सोच्नुहुन्छ, त्यति नै बाँच्नुहुन्छ

डिमेन्सिया मस्तिष्कको काम गर्ने क्षमतालाई कमजोर बनाउने रोग हो। कमजोर स्मरणशक्ति, निर्णय लिन कठिनाइ र सिक्न कठिनाइ हुने डिमेन्सियाका लक्षण हुन्। बढ्दो उमेरसँगै डिमेन्सियाको जोखिम पनि बढ्छ। भर्खरै गरिएको एउटा अध्ययनले मानसिकरूपमा व्यस्त रहँदा डिमेन्सियाको जोखिम कम हुने देखाएको छ।



यो अध्ययन जर्नल अफ न्यूरोलोजीमा प्रकाशित भएको छ। यसमा शोधकर्ताहरूले ७० वर्षभन्दा माथिका ७९० जनामा अनुसन्धान गरेका थिए। यी व्यक्तिहरूलाई उनीहरूको मस्तिष्क गतिविधिको आधारमा चार समूहमा विभाजन गरिएको थियो।

पहिलो समूह– मस्तिष्क गतिविधि धेरै गर्ने मानिसहरू। दोस्रो समूह– मस्तिष्कको गतिविधि मध्यम भएका व्यक्तिहरू। तेस्रो समूह– कम मस्तिष्क गतिविधि भएका मानिसहरू र चौथो समूह– पहिलेदेखि नै डिमेन्सिया भएका व्यक्तिहरू। अनुसन्धानकर्ताहरूले १२ वर्षसम्म यिनीहरूको निरीक्षण गरेका थिए। अध्ययनको क्रममा २३७ जनामा डिमेन्सिया विकसित भयो। अन्वेषकहरूले पत्ता लगाए कि मस्तिष्कको गतिविधि सबैभन्दा धेरै गर्ने मानिसहरूलाई डिमेन्सियाको खतरा कम थियो। मस्तिष्कको गतिविधि कम भएका मानिसहरू डिमेन्सियाको उच्च जोखिममा थिए। अध्ययनका प्रमुख लेखक भन्छन्, हाम्रो अध्ययन अनुसार मस्तिष्कलाई निरन्तर उत्तेजित गर्नाले डिमेन्सियाको जोखिम कम गर्न मदत गर्दछ।

**मस्तिष्कलाई कसरी व्यस्त राख्ने ?**

– नयाँ कुरा सिक्नुहोस्। नयाँ भाषा सिक्नुहोस्, नयाँ वाद्ययन्त्र बजाउन सिक्नुहोस् वा चित्रकला, नृत्य आदि जस्ता नयाँ सीपहरू सिक्नुहोस्।

– पजलहरू समाधान गर्नुहोस्। जस्तै सुडोकु र क्रसवर्ड तपाईंको दिमागलाई व्यायाम गराउने उत्कृष्ट तरीका हुन्।

– किताब पढ्दा तपाईको ज्ञान मात्र बढ्दैन स्मरणशक्ति पनि बढ्छ।

– सामाजिकरूपमा जोडिनुहोस्। साथी र परिवारसँग भेट्नुहोस्, नयाँ व्यक्तिसँग अन्तर्क्रिया गर्नुहोस।


– मानसिक व्यायाम गर्नुहोस्। केही समय चुपचाप बसेर ध्यान गर्नुहोस्।

यस अध्ययनले डिमेन्सियाको रोकथामको लागि नयाँ आशा जगाएको छ। दिमागलाई प्रखर र स्वस्थ राख्नको लागि मानसिकरूपमा सक्रिय रहनु आवश्यक छ।

# नासाको जुनोले बृहस्पति ग्रहमा के देख्यो

सबैजना अन्तरिक्षको रहस्य जान्न उत्सुक हुन्छन्। अन्तरिक्षको रहस्य जान्ने लालसाको कारण मानिसलाई चन्द्रमामा पुऱ्यायो। मानिस चन्द्रमामा पुगे पनि अहिलेसम्म वैज्ञानिकहरू चन्द्रमाको रहस्य जान्न इच्छुक छन्। अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले बृहस्पतिको चन्द्रमाबारे नयाँ खुलासा गरेको छ।

बृहस्पतिको चन्द्रमामा गएको नासाको जुनो अन्तरिक्ष यानले त्यहाँबाट केही



तस्वीर पठाएको छ। जुनोले पहाड, लाभा, ज्वालामुखी र ती सबकाबीच रहेको द्वीपको केही प्रतिविम्ब देखेको छ। यी सबै तस्वीर राम्रो देखिन्छ, तर तिनको अनुसन्धान गर्न धेरै गाऱ्हो छ।

नासा जेट प्रोपल्शन लेबोरेटरीले जारी गरेको प्रेस विज्ञप्ति अनुसार सो क्षेत्र ज्वालामुखीहरूले भरिएको छ, हामीले तीमध्ये केहीमा विस्फोट भएको देख्यौं। हामीले प्राप्त गरेका तस्वीरहरूमा तातो लाभाले भरिएको म्याग्मा ताल छ यसको बीच द्वीपहरू देख्दा अचम्म लाग्यो। हाम्रा उपकरणद्वारा रेकर्ड गरिएको तालको स्पेक्युलर प्रतिविम्बले देखाउँछ कि सो क्षेत्रको सतहका भागहरू काँचजस्तो चिल्लो छ जसले पृथ्वीमा ज्वालामुखीय रूपमा बनेको ओब्सिडियन शीशाको सम्झना गराउँछ।

नासाको जुनो अन्तरिक्ष यानले बृहस्पतिको चन्द्रमामा दुईवटा उडान भरेको थियो। पहिलो डिसेम्बर २०२४ मा र दोस्रो फेब्रुअरी २०२४ मा। यस क्रममा जुनो चन्द्रमाको सतहबाट ९३० माइल (लगभग १५०० किलोमिटर) भित्र सो क्षेत्रमा सक्रिय ज्वालामुखीहरू देखिएको थियो। जुनोले उत्तरी अक्षांशहरू अवलोकन गऱ्यो र बृहस्पतिको चन्द्रमा 'युरोपा'को फोटो पनि खिच्यो।

नासाको जुनो अन्तरिक्ष यान बृहस्पतिको परिक्रमामा व्यस्त छ। हालै प्राप्त तथ्याङ्क अनुसार ग्रहको चन्द्रमामा केही लुकेको भए अक्सिजनको कमी हुन सक्ने देखाएको छ। यस तथ्याङ्कले हामीलाई पानीको प्रशस्तता र ग्रहको मूलको प्रकृति बुझ्न मदत गर्न सक्छ, तर अध्ययन गर्न अझै धेरै बाँकी छ।

जुनोले यसै महीना उडान गरेको थियो जुन चन्द्रमाको १० हजार २५० माइल (१६,५०० किलोमिटर) भित्र आएको छ। यसको अर्को उडान मे १२ मा तय गरिएको छ। त्यसपछि हामीलाई थाहा हुनेछ कि वास्तविक रहस्य के हो।

नासाको जुनो अन्तरिक्ष यानले बृहस्पतिको परिक्रमा गर्छ, जसको अघिल्लो तथ्याङ्कले देखाएको थियो कि चन्द्रमाको सतहबाट प्रचुर मात्रामा हाइड्रोजन उत्पादन गर्छ, तर यसले प्रतिसेकेन्ड १८ किलोग्राम अक्सिजन उत्पादन गर्छ। यो अघिल्लो कम्प्युटर मोडेलद्वारा अनुमानित लगभग एक हजार प्रतिसेकेन्डभन्दा धेरै कम हो। फ्लोरिडा इन्स्टिच्युट अफ टेक्नोलोजीका खगोलविद् मनस्वी लिङ्गमका अनुसार यस कमीका बावजूद हालको अक्सिजन अनुमान अझै पनि सूक्ष्मजीवहरूको जीवनको वासस्थानसँग मिल्दोजुल्दो छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## सैन्य हेलिकप्टर दुर्घटनामा एकजनाको मृत्यु, सातजना बेपत्ता

टोक्यो, ९ वैशाख/एएफपी

जापानमा आइतवार राति दुई सैन्य हेलिकप्टर समुद्रमाथि एकआपसमा ठोकिएर दुर्घटना हुँदा एकजनाको मृत्यु र सातजना घाइते भएका अधिकारीहरूले बताएका छन्। जापानको आत्मरक्षा बल (सेल्फ डिफेन्स फोर्स, एसडिएफ) का प्रवक्ताले शनिवार रातिको घटनाको पुष्टि गर्दै एकजनाको उद्धार गरिए पनि पछि उनको मृत्यु भएको जानकारी दिएका छन्।


मेरिटाइम स्वरक्षा सुरक्षाबलको SH-60K हेलिकोप्टर। फाइल फोटोः क्योदो

"उद्धारकर्मीहरूले समुद्रमा विमानको भग्नावशेष मानिएको कुरा भेट्टाएका छन् र हामीले दुईवटा हेलिकप्टर दुर्घटनाग्रस्त भएको विश्वास गरेका छौं"–रक्षामन्त्री मिनोरू किहाराले पत्रकारहरूलाई जानकारी दिंदै भने–"अहिले यसको कारण थाहा भएको छैन तर सबैभन्दा पहिले हामी दुर्घटनामा परेका मानिसको उद्धारका लागि प्रयास गर्नेछौं।"

निकै घण्टापछि उद्धार गरिएका चालक दलका सदस्यको मृत्युको पुष्टि भएको उनले बताए। "मन्त्रालयले नजीकका स्थानहरूमा उडान रेकर्डरको खोजी गरेको छ र दुवै हेलिकप्टर ठोकिएको हुन सक्ने धेरै सम्भावना छ"–मन्त्री किहाराले भने।

हेलिकप्टर प्रशान्त महासागरमा इजु टापू समूह नजीक रातिको समयमा पनडुब्बीहरूको सामना गर्ने प्रशिक्षणका क्रममा दुर्घटना भएको जस्तो देखिएको अधिकारीहरूले बताएका छन्।

समुद्री आत्मरक्षा बल (एमएसडिएफ) का प्रमुख रयो सकाईले पत्रकारहरूसँग भने–"उडान रेकर्डरको विश्लेषण भइरहेको छ, अधिकारीहरूले अभ्यासमा संलग्न रहेको तर दुर्घटनामा सहभागी नभएको तेस्रो हेलिकप्टरका चालक दलका सदस्यहरूको अन्तर्वार्ता लिइरहेका छन्।"

समाचार प्रसारक एनएचकेले वरपरका जल क्षेत्रमा कुनै अन्य विमान वा जहाज नभएकाले घटनामा अन्य देशको संलग्नता नदेखिएको एमएसडिएफले जनाएको बताएको छ। रासस

## मेम्फिस ब्लक पार्टीमा गोली चल्दा दुईजनाको मृत्यु

वाशिंगटन, ९ वैशाख/एएफपी

अमेरिकी शहर मेम्फिसमा शनिवार एउटा ब्लक पार्टीमा गोली चल्दा दुईजनाको मृत्यु र अन्य छजना घाइते भएको स्थानीय प्रहरीले बताएको छ।

घटनास्थलमा दुईजना मृत फेला परेका र घाइते छमध्ये एकजनाको अवस्था क्षेत्रीय अस्पतालमा 'चिन्ताजनक' रहेको मेम्फिस प्रहरी विभागले सामाजिक सञ्जाल एक्समा उल्लेख गरेको छ।

यस अघि विभागले एक्समा दक्षिणी राज्य टेनेसीमा अरेन्ट माउन्ड पार्क नजीक करीब दुई सयदेखि तीन सय मानिस भएको अनधिकृत ब्लक पार्टीमा गोली चलेको बताएको थियो।

अमेरिकामा बन्दूक हिंसा सामान्य छ। यहाँ मान्छेभन्दा धेरै बन्दूक छ। बन्दूकको अधिकारमाथि रोक लगाउने प्रयासले सधैं कडा राजनीतिक प्रतिरोधको सामना गर्नुपरेको छ।

सामूहिक गोलीबारीमा चार वा त्यसभन्दा धेरै मानिस घाइते भएका वा मारिएका भनी परिभाषित गर्ने गैरसरकारी सङ्गठन गन भायलेन्स आर्काइभका अनुसार यस वर्ष अमेरिकामा २२० वटा सामूहिक गोलीबारी रेकर्ड गरिएका छन्। गत वर्ष यस्ता सामूहिक गोलीबारीको सङ्ख्या कुल ६५६ रहेको पनि सो सङ्गठनले जनाएको छ। रासस

## वैज्ञानिकहरूले पत्ता लगाए अन्टार्कटिकामा ४६ वटा सबग्लेसियल ताल

साङघाई, ९ वैशाख/सिन्हवा

चिनियाँ वैज्ञानिकहरूले एउटा नयाँ विश्लेषण विधि प्रयोग गरी पूर्वी अन्टार्कटिकामा बरफको पत्रमुनि ४६ वटा सबग्लेसियल ताल फेला पारेका छन्।

अन्टार्कटिका दुई हजार चार सय मिटरभन्दा बढीको औसत मोटाइसहित विशाल बरफले ढाकिएको छ। यस बरफको पत्रमुनि असङ्ख्य सबग्लेसियल तालहरू रहेका छन्।

पोलार रिसर्च इन्स्टिच्युट अफ चाइना (पिआरआइसी)को अनुसन्धान समूहका नेता ताङ जुयुआनका अनुसार पग्लिंदै गरेको बरफको धारा यसको पत्रमुनिको खाडलमा बग्दा सबग्लेसियल बन्दछ।

"बरफको पत्रको गतिशीलता, पानीमुनि जम्ने प्रक्रिया, सबग्लेसियल भू–रासायनिक चक्रका साथै जीवनको विकास बुझ्नका लागि अन्टार्कटिकामा सबग्लेसियल तालहरूको अध्ययन महत्त्वपूर्ण छ"–ताङले भने।

वैज्ञानिकहरूले भेरिएशनल अटोएनकोडर (भिएई) प्रयोग गरी बरफ राडारमा देखाइएको बरफको तल्लो प्रतिविम्बको वेभफर्म सुविधाको विश्लेषण गर्न नयाँ विधि प्रस्तुत गरेका छन्।

उक्त विधि प्रयोग गरेर अनुसन्धान टोलीले पूर्वी अन्टार्कटिकाका गम्बर्टसेभ सबग्लेसियल पर्वतहरूको एजिएप–एस क्षेत्रमा बरफ राडार छविको व्यापक स्क्यान गरेको छ। परम्परागत विधिहरूले पहिचान गरेभन्दा ज्यामितीय रूपरेखा धेरै सानो भएका ४६ वटा सबग्लेसियल तालको अस्तित्व रहेको नतीजाले देखाएको छ।

यस नयाँ विधिले सबग्लेसियल ताल खोजको दक्षता र शुद्धतामा उल्लेखनीय सुधार गरेको र अन्टार्कटिकामा अन्य प्रकारका सबग्लेसियल वातावरण पत्ता लगाउन र लेबलिङ विस्तार गर्न सकिने विश्वास गरिएको छ।

उक्त अनुसन्धान पिआरआइसी, चाइना युनिभर्सिटी अफ जियोसाइन्सेस (वुहान) र दक्षिणी विश्वविद्यालय विज्ञान तथा प्रविधिको टोलीले संयुक्तरूपमा गरेको हो।

हालसम्म विश्वभरका वैज्ञानिकहरूले अन्टार्कटिक बरफको पत्रमुनि कुल छ सय ७५ सबग्लेसियल ताल पत्ता लगाएका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – शत्रुपराजय | वृष – ज्ञानोदय |
| मिथुन – भयचिन्ता | कर्कट – मित्रमिलन |
| सिंह – धनलाभ | कन्या – सुयश |
| तुला – खर्चवृद्धि | वृश्चिक – मनोरञ्जन |
| धनु – सफलता | मकर – राज्यलाभ |
| कुम्भ – वादविवाद | मीन – व्यापारवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# विद्यार्थी भर्ना गर्न विद्यालयहरूको घरदैलो

वीरगंज (पर्सा), ९ वैशाख/रासस

नयाँ शैक्षिकसत्र शुरू भएसँगै वीरगंज महानगर अन्तर्गतका सामुदायिक विद्यालयले विद्यार्थी भर्नाका लागि घरदैलो शुरू गरेका छन्।

महानगर अन्तर्गतका ९२ वटा सामुदायिक विद्यालयले यही वैशाख ३ गतेदेखि विद्यार्थी भर्ना अभियान अन्तर्गत हरेक बिहान शिक्षक, विद्यार्थी र अभिभावकको सहभागितामा घरदैलो कार्यक्रम शुरू गरेका हुन्।

सामुदायिक मात्रै होइन, निजी विद्यालयले पनि भर्ना अभियानलाई उत्तिकै प्राथमिकताका साथ अघि बढाएका छन्। नेपाल राष्ट्रिय मावि, नगवाका प्रधानाध्यापक नन्दकिशोर रामले नयाँ विद्यार्थी भर्ना कार्यक्रम अन्तर्गत घरदैलो कार्यक्रम गर्दै आइरहेको बताए।

"यही वैशाख ३ गतेदेखि शिक्षक, विद्यार्थी र अभिभावकको उपस्थितिमा विद्यालय वरपर रहेका बस्तीमा पुगेर नयाँ विद्यार्थी भर्ना अभियानलाई अघि बढाउँदै आइरहेका छौं," उनले भने, "बिहान ६ बजेदेखि नै भर्ना अभियान अघि बढाउँदै आइरहेका छौं। भर्ना अभियान अन्तर्गत बालविकासदेखि कक्षा ९ सम्म भर्ना अभियान जारी छ।"

उनका अनुसार गत शैक्षिकसत्रमा विद्यालयको बालविकास कक्षामा ७९ जना विद्यार्थी भर्ना भएका थिए। विद्यालयका अनुसार अहिले पनि करीब १५ जना विद्यार्थी भर्ना भइसकेका छन्। महानगरभित्रका अन्य विद्यालयले पनि भर्ना अभियानलाई अघि बढाउँदै आइरहेका छन्। रामगढवास्थित रामजानकी आधारभूत विद्यालयले हरेक बिहान भर्ना अभियान शुरू गरेको छ।

वीरगंज महानगरपालिका शैक्षिक प्रशासन महाशाखा प्रमुख अरविन्दलाल कर्णले महानगरभित्रका सबैजसो विद्यालयले नयाँ भर्ना अभियान शुरू गरेको बताए। "महानगर क्षेत्रमा वैशाख ३ गतेदेखि नयाँ भर्ना अभियानलाई सञ्चालन गर्दै आइरहेका छौं," उनले भने, "शिक्षक तथा विद्यार्थीहरूले संयुक्तरूपमा नयाँ भर्ना अभियानलाई अघि बढाउँदै आइरहनुभएको छ।" यो भर्ना अभियान वैशाख १५ गतेसम्म चल्ने उनको भनाइ छ।




महानगरभित्र सामुदायिकतर्फ ९२ वटा र निजीतर्फ १३८ वटा विद्यालय छन्। जसमध्ये २१ माध्यमिक, १५ आधारभूत र ५५ वटा प्राथमिक विद्यालय छन्। एउटा पूर्वप्राथमिक विद्यालय पनि छ।

गत शैक्षिकसत्रमा यी विद्यालयमा बालविकासदेखि कक्षा १२ सम्म एक लाखभन्दा धेरै विद्यार्थी भर्ना भएका थिए। गत शैक्षिकसत्रमा ४६ हजार विद्यार्थी सामुदायिकतर्फ र ५४ हजार विद्यार्थी निजी विद्यालयमा भर्ना भएका थिए। महानगरले यस वर्ष १० प्रतिशत धेरै विद्यार्थी भर्ना गर्ने लक्ष्य लिएको छ।

महाशाखा प्रमुख कर्णले महानगरभित्र पढ्ने उमेर समूहका सबै विद्यार्थीलाई समेटेर भर्ना अभियान अघि बढाउँदै आइरहेको बताए। "महानगरको मुख्य लक्ष्य नै विद्यालय जाने उमेर समूहका कोही पनि विद्यार्थी नछुटून् भन्ने हो," उनले भने, "महानगरमा आर्थिक अभावमा विद्यालय नगएका भन्ने छैनन्।"

केही बालबालिकाहरू सीमावर्ती बजार रक्सौलमा गएर साइकलमा सामान ओसारपोसार गर्दा आम्दानी हुने भएकाले पढाइमा रुचि नदिएको पनि पाइएको उनको भनाइ छ। "उनीहरूलाई बिहान १० देखि ४ बजेसम्म विद्यालयमा अडाइराख्नु मुख्य चुनौती पनि छ," उनले भने।

महानगरका अनुसार विशेषगरी डोम, मुसहरलगायत जातिविशेषका विद्यार्थीलाई सामुदायिक सिकाइ केन्द्र (सिएलसी)मार्फत कक्षा पनि सञ्चालन गर्दै आइरहेको छ। शैक्षिक प्रशासन महाशाखा प्रमुख कर्णले महानगरभित्रकै केही विद्यालयमा विद्यार्थीको अत्यधिक चाप भएको बताए। त्यस्ता विद्यालयमा विद्यार्थी व्यवस्थापनको चुनौती रहेको उनको भनाइ छ।

महानगरका अनुसार माईस्थान विद्यापीठ, नर्सिंह मावि, सुन्दरमल रामकुमार कन्या माविलगायतका विद्यालयमा तीन हजारभन्दा धेरै विद्यार्थी छन्। यद्यपि महानगरले ती विद्यालयमा पनि भर्ना अभियान अघि बढाउने जनाएको छ।


### एशियन ...

छ।"

एशियाली विकास बैंकको सहयोगमा निर्माण शुरू भएको काँकरभिट्टादेखि केर्खासम्मको सडक करीब रु १० अर्बको लगानीमा सम्पन्न हुनेगरी ठेक्का सम्झौता गरिएको योजना प्रमुख पन्तले बताए।

एशिया महादेशका ३२ मुलुकलाई जोड्ने 'महान एशियाली राजमार्ग' अन्तर्गत नेपालको एक किलोमिटर भागमा मेची पुल निर्माणसँगै संरचना पूर्णरूपमा निर्माण भइसकेको छ। फराकिलो सडकका कारण सडकमा हुने सवारी दुर्घटना न्यूनीकरण हुने, पूर्वी नाकाबाट स्थलमार्ग हुँदै आउने पर्यटकको सङ्ख्या बढ्ने हुँदा मुलुकको अर्थतन्त्रमैं टेवा पुग्ने जनअपेक्षा रहेको छ।

उनले एशियन हाइवेमा पर्ने ठूला/साना नदीमा बनाइएका पुराना पुललाई यथावत् राखेर त्यसैमा दुई लेनका पुल थप गरिने जानकारी दिए। तीन वर्षमा सम्पन्न गर्ने लक्ष्यका साथ निर्माण शुरू भएको सडक अन्तर्राष्ट्रिय मापदण्डको हुनेछ। काँकरभिट्टा–लौकहीसम्मको ९६ किलोमिटर सडक निर्माण पूर्वी र पश्चिम खण्ड गरी दुई भागमा विभाजन गरेर काम भइरहेको छ।


**उद्धारको नमूना अभ्यासः** म्याग्दीको अन्नपूर्ण गाउँपालिका–४ नारच्याङस्थित मिस्त्री खोलामा आइतवार दिउँसो खोलामा डुबेकाको उद्धारको नमूना अभ्यास प्रदर्शन गर्दै सशस्त्र प्रहरी बलका सुरक्षाकर्मी। विपत् व्यवस्थापन बेस क्याम्प नारच्याङको आयोजनामा सुरक्षाकर्मीहरूले बाढी, भीर तथा खोचमा खसेको, आगलागी, वन डढेलोमा फसेकाहरूको उद्धार, घाइते तथा बिरामीलाई प्राथमिक उपचार गर्ने विधिको नमूना अभ्यास प्रस्तुत गरेका थिए। तस्बिर : सन्तोष गौतम/ रासस

# प्रचण्ड गर्मी र तातो हावाको कारण जनजीवन अस्तव्यस्त

नितेश कर्ण, वीरगंज, ९ वैशाख/

प्रचण्ड गर्मीको कारण पर्सालगायत तराईका जिल्लाको जनजीवन कष्टकर भएको छ । दिउँसो चर्को घाम लाग्नुका साथै तातो हावाका कारण पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरीको जनजीवन प्रभावित भएका छन् ।

अत्यधिक गर्मी र तातो हावाले दिउँसो बजारमा मानिसहरूको चहलपहल निकै घटेको छ भने कार्यालयहरूमा समेत सेवाग्राहीको उपस्थिति पातलिएको छ । वीरगंज, पोखरिया, जीतपुर, निजगढ, लालबन्दीलगायतका शहर–बजार सुनसान भएका छन् ।

गर्मीका कारण खेतीपातीको काम प्रभावित भएको छ । दैनिक ज्याला मजदूरी गर्ने मजदूर र किसानहरूलाई घरभित्रै थन्किएर बस्नुपरेको छ । कोही दिनभरि सुतेर र कोही छहारीमा साथीसँग गफ गरेर समय बिताइरहेका छन् ।

आर्थिक मन्दीका कारण व्यापार–व्यवसाय नभएर चिन्तित बनेका व्यवसायीहरू गर्मीले गर्दा बजारमा मानिसको चहलपहल घटेपछि थप मारमा परेका छन् । बैंकमा वित्तीय कारोबारमा कमी आएको छ ।

मौसममा परिवर्तन आएसँगै मानव


तस्वीर: प्रतीक

स्वास्थ्यलाई पनि असर गरेको छ । उच्च तापक्रम र तातो हावा (लू)का कारण बालबालिका तथा वृद्धवृद्धाहरू बिरामी पर्न थालेका छन् ।

नारायणी अस्पतालका फिजिसियन डा उदयनारायण सिंहले तराईमा पानी नपर्दा बढेको गर्मीका कारण शरीरमा घाउ खटिरा, आउमासी, टाइफाइड, रुघाखोकी, झाडापखाला, अपचलगायतका रोगीहरू बढेको बताए । उनले चर्को घाममा बाहिर ननिस्किन र निस्किनु नै परे मास्क लगाउन, प्रशस्त पानी पिउन, बाहिरका खानेकुरा नखान र सावधानी अपनाउन सुझाव दिएका छन् ।

## करोडौंको कपडा भन्सार चलान

प्रस, वीरगंज, ९ वैशाख/

जिल्ला प्रहरी कार्यालय, पर्साले पमपम बिल्डिङस्थित गोदाममा छापा मारी दुई करोड २० लाख मूल्य बराबरका विभिन्न



ब्रान्डका कपडाहरू बरामद गरी वीरगंज भन्सार चलान गरेको जनाएको छ ।

प्रहरीले वैशाख ६ गते वीरगंज–१६ बस्ने २४ वर्षीय आकाशकुमार गुप्ता, वडा नं ६ बस्ने ४४ वर्षीय रामएकबाल कुशवाहालगायतको वीरगंज महानगर–६ तुल्स्यान मार्केट (पमपम बिल्डिङ)मा रहेको छवटा गोदाममा प्रहरीले छापा मारी सर्टिङ–सुर्टिङ, सर्ट, पाइन्ट, सुती प्रिन्टेड कपडा, ढाकाको थान कपडा, साडी, कुर्ता सुरुवाल, मर्दानी धोती, ब्लाउज थान कपडा, चोलो बनाउने थान कपडाहरू गरी दुई करोड २० लाख मूल्य बराबरका कपडा बरामद गरेको जिप्रका, पर्साका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले बताएका छन् । बरामद कपडा शुक्रवार वीरगंज भन्सार बुझाएको सूचना अधिकारी प्रनाउ थापाले बताएका छन् ।

### पुस्तकपसल ...

विद्यालयहरूले दिने गरेको पाइएको छ । तोकिएकै पसलबाट पुस्तक खरीद गर्न अभिभावकहरूलाई बाध्य पारिएको छ ।

विद्यालयहरूले अभिभावकहरू पोशाक र पुस्तक खरीद गर्न स्वतन्त्र रहेको बताए पनि उनीहरूको करकापमा यो सब खेल भइरहेको छ ।

### ड्राइपोर्ट ...

भित्रिरहेको छ ।

वीरगंज उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष माधव राजपालले मासिक १५ र्‍याकभन्दा बढी कोइला बन्दरगाहबाट भित्रिरहेकामा पर्याप्त भौतिक संरचनाको अभावमा धूलो नियन्त्रण गर्न प्रिस्टिन असफल भएको आरोप लगाए । उनले कोइला जाँचपासमा समेत बन्दरगाह भन्सार कार्यालयका कर्मचारीहरू उदासीन बन्दा दुई दिनमा हुने काम चार दिनमा भइरहेको उनले आरोप लगाए ।

यसै विषयमा बन्दरगाह भन्सार कार्यालयका सूचना अधिकारी एवं भन्सार अधिकृत सुशील शर्माले पहिलेभन्दा कोइलाको धूलोको त्रास बढेको र यसलाई नियन्त्रणको लागि छलफल गरी सरोकारवाला निकायहरूसँग समन्वय गर्ने बताए ।

त्यसैगरी, बन्दरगाह भन्सार कार्यालय सञ्चालन गर्ने प्रिस्टिनका प्रमुख अतुल शर्माले बिहान र बेलुका पानी छर्कने गरे पनि कोइला यार्ड र सडकछेउछाउमा व्यवस्थित ढङ्गले कोइला ह्यान्डलिङको कामलाई अगाडि बढाउन आफूहरू गम्भीर भएर कदम चाल्ने बताए ।

वीरगंज नाकाबाट भारतको धनबाद, रानीगंज क्षेत्रबाट महीनामा १५ भन्दा बढी र्‍याक आउँछ । एउटा र्‍याकमा ३५ देखि ३८ टन कोइला हुन्छ । एक र्‍याकमा ५७–५८ वटा बेगन हुन्छ र एक र्‍याक कोइला भन्सार कार्यालयमा झरेपछि १७० देखि २१५ टिपर माल हुन्छ ।






### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |


## सर्पदंश (सर्पको टोकाई) बाट बच्न...

- घरवरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँको व्यवस्थापन गरौं,
- घरवरिपरि सफा राखौं, प्वालहरू टालौं,
- खुला स्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाट/खटिया वा चौकी वा पलङ्मा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्ने बेलामा ओछ्यान राम्ररी हेरौं,
- राति हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होशियारी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# खेलकूदको संसार

## गणेशमान सिंह टी–२० राष्ट्रिय क्रिकेट प्रतियोगिता : कर्णाली प्रदेश विजयी

काठमाडौं, ९ वैशाख/रासस

राजधानीमा जारी वीर गणेशमान सिंह टी–२० राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गत आइतवार भएको दोस्रो खेलमा कर्णाली प्रदेशले मधेस प्रदेशलाई छ विकेटले हराउँदै विजयी भएको छ । मूलपानी क्रिकेट मैदानमा मधेस प्रदेशले प्रस्तुत गरेको १२१ रनको लक्ष्य कर्णालीले १५ दशमलव तीन ओभरमा चार विकेट गुमाउँदै पूरा गर्‍यो । कर्णालीका लागि विपिन रावलले सर्वाधिक ४१ रनको योगदान दिए । उनले ४० बलमा दुई चौका र दुई छक्का प्रहार गर्दै ४१ रन बनाएका थिए । त्यसैगरी हिमांशु शाहीले अविजित ३२ रन बनाउँदा विपिन शाहीले १७ तथा रवीन्द्र शाहीले १४ रन बनाए ।



बलिङतर्फ मधेस प्रदेशका प्रदीप पासवान र अभिषेक तिवारीले समान दुई/दुई विकेट लिए । त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको मधेसले निर्धारित २० ओभरमा सबै विकेट गुमाउँदै १२० रनको योगफल बनाएको थियो । मधेसका लागि मायन यादवले सर्वाधिक ३९ रनको योगदान गरे । त्यस्तै, विशाल पटेलले अविजित ३२ रन बनाए भने प्रदीप पासवानले १८ तथा कप्तान राहुल मण्डलले ११ रन जोडे ।

कर्णालीका लागि युनिश ठकुरीले दुई तथा दीपेन्द्र रावत, दिनेश अधिकारी, प्रकाश जैसी र कप्तान दिवान पुनले समान एक/एक विकेट लिए । यस जीतसँगै प्रतियोगितामा दोस्रो जीत निकालेको कर्णालीले तीन खेलमा चार अङ्क बटुलेको छ । पराजित मधेसको भने चार खेलबाट दुई खेलमा जीत हात पार्दै चार अङ्क जोडेको छ । आजै भएको पहिलो खेलमा सुदूरपश्चिम प्रदेशले कोशी प्रदेशलाई तीन रनले पराजित गर्दै विजयी भएको थियो ।

## रिसाए विराट, खचाखच मैदानमा अम्पायरसँग झगडा

रोयल च्यालेन्जर बैंगलोर (आरसिबी) टोली इडेन गार्डेनमा कोलकाता नाइट राइडर्स (केकेआर)सँग एक रनअन्तरले पराजित भएको छ । यो खेल आरसिबीको लागि गर या मर थियो । विराट र अन्य खेलाडीहरूले पूर्ण मेहनत गरेको देखियो । खेलको क्रममा विराटको रिस पनि देखियो, इडेन गार्डेनमा अम्पायरसँग विराटको झगडा भयो । जसको भिडियो तीव्र गतिमा भाइरल भइरहेको छ ।


अम्पायरसँग बहस गर्दै विराट कोहली । तस्वीर: एजेन्सी

अरेन्ज क्याप होल्डर विराट कोहली यस खेलमा पूरा मेहनत गरेको देखियो । तर ब्याटिङको क्रममा विराट लामो समयपछि क्रोधित देखिए । विराटको रिस यति स्तरमा पुग्यो कि पेभेलियनतर्फ जाँदा कोहली फर्केए आएर अम्पायरसँग मौखिक झगडा गरेको देखियो ।

**के थियो पूरा मामिला ?**

२२४ रनको लक्ष्य पछ्याउने क्रममा आरसिबीले शानदार सुरुआत गरेको थियो । विराट आउनेबित्तिकै बलरमाथि हाबी भएको देखियो । उनले छ बलमा दुई छक्का र एक चौकाको मदतले १८ रन बनाएका थिए । तेस्रो ओभरमा बल हर्षित रानाको हातमा थियो, उनले आफ्नो ओभरको पहिलो बलमा कोहलीलाई फुल टस बल दिए । विराटले सीधा ब्याटबाट खेले र बल माथि गयो र हर्षित रानाले क्याच लिए । यसमा अम्पायरले औंला उठाएपछि विराटले 'नो बल'को रिभ्यू लिए । तेस्रो अम्पायरले देखाउँदा बल कम्मरभन्दा माथि देखिए पनि निर्णय विराटको पक्षमा आएन । त्यसपछि कोहली निकै रिसाए, अम्पायर र कोहलीबीच शब्दको युद्ध भयो ।

**डु प्लेसिसले पनि विकेट गुमाए**

आरसिबीका कप्तान फाफ डु प्लेसिसले पनि खास केही गर्न सकेनन् । उनले सात बलमा मात्र सात रन बनाए । उनको ब्याटबाट एक चौका मात्रै आयो ।

# गर्मी बढेसँगै वीरगंजमा विद्युत् सेवा झुर बन्दै

प्रस, परवानीपुर, ९ वैशाख/

नेपाल विद्युत् प्राधिकरण वीरगंज वितरण केन्द्रबाट प्रवाह हुने विद्युत् सेवा अनियमित बन्दै गएको उपभोक्ताहरूले गुनासो गरेका छन् ।

मासिक उठ्ने बिल एवं जरिवानामा कुनै सम्झौता नगर्ने वितरण केन्द्रले विद्युत् सेवालाई प्रभावकारीरूपमा अगाडि बढाउन नसक्दा उपभोक्ताहरू मर्कामा परेका छन् ।

अहिलेको प्रचण्ड गर्मीमा छिनछिनमा विद्युत् सेवा अवरोध भइरहने, हावा चल्दा विद्युत् ट्रिपिङ हुने, अघोषित आधा–एक घण्टाको लोडसेडिङजस्ता समस्याले गर्दा वितरण केन्द्रको चौतर्फी आलोचना हुन थालेको छ । वितरण केन्द्रको फोनमा 'किन लाइन कटेको', 'कति बेला लाइन आउँछ'लगायतका आशा बोकेर उपभोक्ताले फोन गर्दासमेत ल्यान्डलाइन फोन नलाग्ने, लागे पनि नउठ्ने जस्ता कार्यले गर्दा वीरगंज वितरण केन्द्रले जिम्मेवार कार्यालयको रूपमा काम गर्न नसकेको उपभोक्ताहरूको गुनासो छ ।

वितरण केन्द्रलाई नियमन गर्ने निकायले यस्ता समस्याहरू समाधान गरी प्रभावकारी सेवा उपलब्ध गराउनुपर्ने उपभोक्ताहरूले माग गरेका छन् । यस विषयमा वितरण केन्द्र प्रमुख अवधेश


तस्वीर: फाइल

दुबेले वीरगंजको प्रतिदिनको विद्युत् माग तीन सय मेगावाट भएको तर यस क्षेत्रको भौतिक संरचना दुई सय मेगावाट मात्र धान्ने रहेकोले माग अनुसार आपूर्ति हुन नसकेको बताए । साथै भारतले प्रतिदिन विभिन्न नाकाका प्रसारण लाइनबाट ६०० मेगावाट बिजुली दिने सम्झौता गरे पनि गर्मी बढेसँगै भारतबाट आयात हुने बिजुली पनि २०० मेगावाटले घटेको र यसको असर वीरगंज, रक्सौलसमेतमा परिरहेको उनले बताए ।

भारतमा आम निर्वाचन भइरहेकोले बिजुलीको खपत बढेर उसले प्रतिदिन चार सय मेगावाटभन्दा बढी बिजुली दिन नसकेको उनले बताए । नेपालका जलविद्युत् आयोजनामा पानीको सतह घटेका कारणले स्वदेशी उत्पादन पनि पर्याप्त मात्रामा नहुँदा वीरगंजमा विद्युत् आपूर्तिमा कमी आएको बताउँदै उनले विद्युत् आपूर्ति नियमित गर्न आफू प्रयासरत रहेको बताए ।